नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.व.नं. :३९८७
सिंहदरवार, काठमाण्डौं

## योजना, अनुगमन तथा समन्वय महाशाखा

(कार्यक्रम तथा योजना शाखा)

पत्र संख्या :-
चलानी नं.२०७८/७९/योजना ११५
प्राप्त पत्र संख्या र मिति :-

मितिः २०७८/०८/१०

विषयः कार्यविधि सम्बन्धमा।

श्री जलवायु परिबर्तन ब्यवस्थापन महाशाखा,
वन तथा वातावरण मन्त्रालय, सिहदरवार, काठमाण्डौ ।

प्रस्तुत विषयमा कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ (नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-२ र पारिस्थितिकिय प्रणालीमा पुनर्स्थापना मार्फत जलवायु अनुकूलित प्राकृतिक पूँजि तथा ग्रामिण जीविकोपार्जनका लागि पारिस्थितिकिय प्रणालीमा आधारित अनुकूलन आयोजना, Eba-II) मा श्री अर्थ मन्त्रालयको च.नं. २८१, मिति २०७८।०७।३० को पत्रबाट सहमति प्राप्त भई वन तथा वातावरण मन्त्रालय (सचिवस्तर) को मिति २०७८।०७।०६ को निर्णयानुसार स्वीकृत भएकोले उक्त स्वीकृत कार्यविधि आवश्यक कार्यार्थ लागि १(एक) प्रति यसै साथ राखी पठाईएको ब्यहोरा अनुरोध छ । उक्त कार्यविधि www.mofe.gov.np मा उपलब्ध हुने व्यहोरा अनुरोध छ।

२०७८।८।१०
...................
(राजु गुरुङ्ग)
सहायक भू संरक्षण अधिकृत

# नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालय

## नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम

## कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

कार्यविधि (भाग-१) :

- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ **(NCCSP2)**, कार्यक्रम कार्यान्वयन कार्यविधि, स्थानीय तह, २०७८
- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ **(NCCSP2)**, कार्यक्रम कार्यान्वयन कार्यविधि, प्रदेशस्तर, २०७८

कार्यविधि (भाग-२) :

- पारिस्थितिकीय प्रणाली पुर्नस्थापना मार्फत जलवायु अनुकूलित प्राकृतिक पूँजी तथा ग्रामीण जीविकोपार्जनका लागि पारिस्थितिकीय प्रणालीमा आधारित अनुकूलन आयोजना, कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७८

# नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ (NCCSP2) कार्यक्रम कार्यान्वयन कार्यविधि, स्थानीय तह, २०७८/०७९

## भाग-१

## विषयसूची


**खण्ड १ पृष्ठभुमि तथा व्यवस्थापकीय व्यवस्था**

१.१ पृष्ठभूमि

१.२ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ को परिचय

१.३ संस्थागत कार्य स्वरुप तथा व्यवस्थापन

**खण्ड २ योजना तर्जुमा तथा बजेट प्रकृया**

२.१ स्थानीय अनुकुलन कार्ययोजना (लापा) खाका तथा वार्षिक योजना तर्जुमा

२.२. बजेट तर्जुमा प्रकृया

**खण्ड ३ खरिद तथा सम्झौता व्यवस्थापन**

३.१ उपभोक्ता समिति

३.२ सार्वजनिक परिक्षण

३.३. ठेक्का प्रकृया

३.४. सेवा करारका कर्मचारी नियुक्ति वा परामर्शदाता खरिद

३.५ कन्टिन्जेन्सी

३.६. संयुक्त लगानी

३.७ सम्झौता व्यवस्थापन

**खण्ड ४ वित्तीय व्यवस्थापन तथा भुक्तानी प्रकृया**

४.१ कोष प्रवाह प्रणाली

४.२ भुक्तानी प्रकृया

४.३ अभिलेखिकरण तथा लेखापालन

**खण्ड ५ अनुगमन तथा प्रतिवेदन**

५.१ अनुगमन

५.२ सूचकहरु

५.३. प्रतिवेदन

५.४ आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण

**खण्ड ६ विविध**

६.१ दिगोपना, निर्माण पछिको सञ्चालन तथा मर्मत सम्भार

६.२ आचारसंहिता

६.३ स्वास्थ्य तथा सुरक्षा

६.४ भ्रमण सम्बन्धी

**अनुसूची १: आ.व. २०७७७८मा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ सञ्चालन हुने गाउँ/नगरपालिकाहरु**

**अनुसुची २: उपभोक्ता समितिलाई गाउँ/नगरपालिकावाट प्राप्त हुने भुक्तानीको तालिका**

# खण्ड १: पृष्ठभुमि तथा व्यवस्थापकीय व्यवस्था

## १.१ पृष्ठभूमि

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, सुदुरपश्चिम प्रदेश र कर्णाली प्रदेश सरकारसंगको सहकार्यमा उक्त प्रदेशहरु अर्न्तगत अनुसूची १ मा उल्लेखित २६ वटा स्थानीय तहमा जलवायु परिवर्तन अनुकुलन र उत्थानशीलता क्षमता अभिवृद्धि गर्नका लागि सञ्चालित नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को आ.व. २०७८।७९मा सशर्त अनुदानतर्फ वजेट तथा कार्यक्रम विनियोजन गरिएको छ । विनियोजन बजेट सीमा तथा समयसीमा भित्रै कार्यक्रमको प्रभावकारी कार्यान्वयन एवं गुणस्तरीय नतिजा प्राप्तिका लागि यो कार्यक्रम कार्यान्वयन कार्यविधि २०७८ तयार गरिएको छ। कार्यक्रम कार्यान्वयनका लागि आवश्यक व्यवस्थापकीय, प्राविधिक तथा प्रशासनिक कार्यजिम्मेवारी नेपाल सरकारको नीति नियमका साथै बेलायती सहयोग नियोग (यूकेएड)संगको समझदारीमा उल्लेखित शर्तहरु अवलम्वन गर्न सहयोग पुऱ्याउने विषय यस कार्यविधिमा समावेश गरिएकोछ ।

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, आयोजना कार्यक्षेत्रका गाउँ/नगरपालिकाहरु, तथा प्राविधिक साझेदार संस्थाहरु यस कार्यक्रम कार्यान्वयनका लागि जिम्मेवार निकायहरु हन् । बेलायती सहयोग नियोगले नियुक्ति गरेको प्राविधिक सहायता प्रदायकका रुपमा मोट म्याकडोनाल्ड लिमिटेडले परियोजना कार्यान्वयन र व्यवस्थापनमा सहयोग पुऱ्याउने छ भने केमोनिक्स इन्टरनेशनलले वित्त व्यवस्थापन सहयोगीको रुपमा कार्य गर्नेछ । संघीय तथा प्रादेशिक मन्त्रालय, गाउँ/नगरपालिकाहरु, प्राविधिक सहायता प्रदायक, वित्त व्यवस्थापन सहयोगी र सवै प्रमुख साझेदारहरु यस कार्यविधिका प्रमुख प्रयोगकर्ता हुन् । कार्यक्रम कार्यान्वयनका अनुभव तथा सिकाईका आधारमा आवश्यक परेको खण्डमा यसमा संशोधन गर्न सकिनेछ र प्रचलित कानुनसंग बाझिएको हदसम्म कानुनबमोजिम नै हुनेछ ।

यस आयोजना अन्तर्गत क्रियाकलापहरु सञ्चालन गर्दा उपलब्धि देखिने गरी सञ्चालन गर्नुपर्नेछ। जलवायुका दृष्टिकोणले नमूना जलवायु कार्यक्रमको थलोको रुपमा परिणत गर्ने प्रयास गर्नुपर्नेछ जसको फलस्वरूप स्थानीय तह अर्न्तगत उक्त स्थानलाई जलवायु ज्ञान आदान-प्रदान केन्द्रको रुपमा प्रयोग गर्न सकिनेछ। जलवायु परिवर्तन विश्वव्यापी मुद्दा भएकोले स्थानीय तहमा गरिएका सफल र असल अभ्यासलाई राष्ट्रिय, क्षेत्रिय तथा अन्तराष्ट्रियस्तरमा प्रचार प्रसार गन जसबाट जलवायु वित्तको पहुँचलाई अभिवृद्धि गर्न थप मद्दत पुग्नेछ ।

## १.२ नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ को परिचय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा २४को उपदफा १ अनुसार स्थानीय तहहरुले नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण तथा जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, लैंगिक समानता तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरुलाई ध्यान दिई योजना बनाउनु पर्ने र वातावरण संरक्षण ऐन २०७६ मा उल्लेख भए अनुसार संकटासन्न व्यक्ति, घरधुरी, वस्ती तथा समुदायलाई प्राथमिकता दिनु पर्ने व्यवस्था गरेको छ ।

जलवायु उत्थानशील समाजको निर्माण गर्न स्थानीय स्तरमा कार्यान्वयन गरिने विकास निर्माण र श्रोत व्यवस्थापनको समग्र प्रक्रियामा जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलतालाई मूलप्रवाहीकरण गर्नको लागि नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमले आवश्यक सहयोग उपलब्ध गराउनेछ। सोही अनुरुप योजना तर्जुमा तथा कार्यान्वयन गर्दा स्थानीय तहबाट तर्जुमा हुने स्थानीय विकास योजनालाई जलवायु उत्थानशील बनाउन आवश्यक आर्थिक तथा प्राविधिक सहयोग यस कार्यक्रमले उपलब्ध गराईरहेको छ । तसर्थ, स्थानीय तहले सम्पन्न गर्न चाहेको विकास कार्यका लागि आवश्यक वित्तीय श्रोतमा देखिएको न्यूनता पुर्ति गर्नका लागि नभई जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलता हासिल गर्न स्थानीय तहलाई पूरक आर्थिक सहायता तथा प्राविधिक सहयोग उपलब्ध गराउने उद्धेश्य यो कार्यक्रमले लिएको छ । नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम पहिलो चरण (सन २०१३-२०१७) नेपाल सरकारको तत्कालीन

जनसंख्या तथा वातावरण मन्त्रालय (हाल वन तथा वातावरण मन्त्रालय) को नेतृत्वमा तत्कालीन जिल्ला विकास समितिहरुमार्फत सञ्चालन भएकोमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपि) बाट प्राविधिक सहयोग प्रदान गरिएको थियो । उक्त चरणको कार्यक्रम नेपाल सरकारले बेलायत र युरोपियन युनियनको आर्थिक सहयोगमा सञ्चालन गरेको थियो ।

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ (सन २०१९-२०२३) अन्तर्गत कार्यक्रम कार्यान्वयन गर्न नेपाल सरकारलाई मोट म्याकडोनाल्ड लिमिटेडले प्राविधिक सहयोग तथा केमोनिक्स इन्टरनेशनलले वित्त व्यवस्थापन सहयोग गर्नेछ । यस कार्यक्रमका लागि आर्थिक सहयोग बेलायत सरकारले उपलब्ध गराएकोछ ।

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमको दीर्घकालीन उद्देश्य "संकटासन्न समुदायमा परेको जलवायु जन्य प्रभाव तथा भविष्यको जोखिम आंकलन गरी अनुकुलन तथा उत्थाशीलता क्षमता अभिवृद्धि गर्ने" भन्ने रहेको छ । यसको अपेक्षित उपलब्धि यसप्रकार रहेको छः

१) जलवायु उत्थानशिलताको अवधारणालाई दीर्घकालीन विकास कार्यक्रम तर्जुमा प्रकृयासंग मूलप्रवाहिकरण गर्ने,

२) संकटासन्न समुदायहरुलाई जलवायु उत्थानशिलता अभिवृद्धि गर्न विभिन्न कृयाकलापहरु मार्फत प्रभावकारी सेवा पुऱ्याउने,

३) स्थानीय तहमा जलवायु वित्तसम्बन्धी विविध श्रोतहरुको पारदर्शी व्यवस्थापन र उपयोगमा सुदृढिकरण गर्ने ।

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ अन्तर्गत आ.व. २०७६/७७ मा २६ वटा गाउँ/नगरपालिकाहरुमा जलवायु उत्थानशील विकास आयोजनाहरु कार्यान्वयन गर्ने लक्ष्य राखिएको थियो भने आ.व. २०७७/७८ का लागि ४ गाउँ/नगरपालिका थप गरी कुल ३० वटा गाउँ/नगरपालिकामा कार्यक्रम कार्यान्वयन गरिएको थियो । आ.व. २०७८/७९मा ४) वटा गाउँ/नगरपालिका घटेर कार्यक्रम २६ वटामा कार्यान्वयन हुनेछ, जसको नामावली अनुसूची १ मा दिइएको छ ।

यस कार्यक्रमबाट जलवायु संकटासन्न करिव ९५०,००० जना जनसंख्या प्रत्यक्ष, अप्रत्यक्ष रुपमा लाभान्वित हुने लक्ष्य लिइएको छ जसमध्ये कम्तिमा ३०% महिला प्रत्यक्ष रुपमा सहभागी भई लाभान्वित हुनेछन् । कार्यक्रमले खासगरी सामुदायको उत्थानशिलता वृद्धि गर्न कृषि, जलस्रोत र वन क्षेत्रको एकिकृत व्यवस्थापन गरी जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशिलता बृद्धि गर्नमा टेवा पुर्‍याउने खालका आयोजनाहरु कार्यान्वयन गर्नेछ । तर, समुदायको माग र चाहना अनुसारका अन्य विषयक्षेत्रका जलवायु उत्थानशिलता बढाउने किसिमका परियोजना तथा क्रियाकलापहरुलाई पनि छनौट गरी लागु गरिनेछ ।

**१.३ संस्थागत कार्य स्वरुप तथा व्यवस्थापन**

यस कार्यक्रमका व्यवस्थापन र कार्यान्वयनमा प्रत्यक्ष संलग्न प्रमुख सरोकारवालाहरु देहाय अनुसार रहेका छन् :

- नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय - कार्यक्रम कार्यान्वयन नेतृत्वकर्ता निकाय
- कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशका छनौट भएको गाउँ तथा नगरपालिकाहरु - कार्यक्रम कार्यान्वयन साझेदार
- प्रदेश सरकार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - आ.व. २०७७/७८ देखि कार्यक्रम कार्यान्वयन साझेदार
- वेलायती सहयोग नियोग - अनुदान सहयोग उपलब्ध गराउने निकाय
- मोट म्याकडोनाल्ड लिमिटेड - प्राविधिक सहायता प्रदायक संस्था

- अक्सफोर्ड पोलिसी म्यानेजमेन्ट - नीति र संस्थागत विकासमा टेवा पुर्‍याउने संस्था
- आइओडि पिएआरसि - अनुगमन, मूल्यांकन तथा सिकाईमा टेवा पुर्‍याउने संस्था
- केमोनिक्स इन्टरनेशनल - वित्त व्यवस्थापन सहयोगी

कार्यक्रमका लागि देहाय अनुसारका शासकीय संयन्त्रहरु स्थापना गरिएका छन् :

- कार्यक्रम निर्देशक समिति - अध्यक्षता, सचिव, वन तथा वातावरण मन्त्रालय
- कार्यक्रम प्राविधिक समिति - अध्यक्षता, सह-सचिव, वन तथा वातावरण मन्त्रालय
- कार्यक्रम व्यवस्थापन इकाई - वन तथा वातावरण मन्त्रालय, प्राविधिक सहायता प्रदायक र वित्त व्यवस्थापन सहयोगीको प्रतिनिधित्व भएको समूह

कार्यान्वयन निकाय, प्राविधिक सहायता प्रदायक र वित्त व्यवस्थापन सहयोगीको प्रमुख जिम्मेवारी यस प्रकार रहेका छन्:

**१.३.१ वन तथा वातावरण मन्त्रालय**

वन तथा वातावरणअन्तर्गत जलवायु व्यवस्थापन व्यवस्थापन महाशाखाको नेतृत्वमा देहायबमोजिम कार्य गरिने छ :

- कार्यक्रमको समग्र व्यवस्थापन र सुशासनको प्रबन्ध मिलाउने,
- गाउँ/नगरपालिका तथा साझेदारहरु संग समन्वय र सहकार्य गर्ने,
- क्षमता विकासका क्रियाकलापहरुमा सल्लाह दिने तथा सहभागी हुने,
- उच्च स्तरीय अनुगमन तथा मूल्यांकन सम्बन्धी कार्यहरु गर्ने,
- कार्यक्रमको योजना तथा बजेट तर्जुमाका लागि मार्गदर्शन प्रदान गर्ने,
- अर्थ मन्त्रालय तथा वेलायती सहयोग नियोगसंग वित्त व्यवस्थापन सम्बन्धी आवश्यक समन्वय गर्ने,
- प्राविधिक सहायता प्रदायकको सहयोगमा गाउँ/नगरपालिकाबाट भएगरेका खर्चसमेतको एकिकृत प्रतिवेदनलाई वेलायती सहयोग नियोगलाई सम्प्रेषण गर्ने, शोधभर्ना प्राप्त गर्ने तथा अर्थ मन्त्रालय अन्तर्गत महालेखा नियन्त्रक कार्यालयलाई निकाशा फुकुवाका लागि अनुरोध गर्ने ।
- असूल गर्नु पर्ने बेरुजू वा असम्बन्धित खर्च भई शोधभर्ना नपाउने अवस्थामा सम्बन्धित कार्यान्वयन निकाय (प्रदेश मन्त्रालय, नगरपालिका वा गाउँपालिका)को अनुदान हिसाब मिलानका लागि अर्थ मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयलाई पत्राचार गर्ने ।

**१.३.२ गाउँ/नगरपालिका :**

गाउँ/नगरपालिकालाई कार्यक्रम कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी हुनेछ, जसअन्तगर्तका जिम्मेवारी यस प्रकार छन् :

- जलवायु उत्थानशील विकासलाई नियमित बजेट तथा योजना तर्जुमा प्रक्रियाको अभिन्न अंग मानी जलवायु अनुकुलन तथा उत्थानशील योजनाहरु तर्जुमा गर्ने ।
- सशर्त अनुदान अन्तर्गत योजना तथा कार्यक्रम कार्यान्वयनका लागि कोषको उचित व्यवस्थापन गर्ने ।

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

- प्राविधिक सहायता प्रदायकको सहयोगमा प्रकृयागत आवश्यक कागजातहरु (जस्तै : विस्तृत परियोजना प्रतिवेदन, कार्यान्वयन तथा अनुगमन योजनाहरु, सम्झौता पत्रहरु, आदि) तयार गर्ने ।
- सम्भावित उपभोक्ता समितिहरु र निर्माण व्यवसायीहरुको प्राविधिक तथा वित्तीय लगनशीलता/इमान्दारिता लेखाजोखा गर्ने ।
- गाउँ/नगरपालिकाको आफ्नो बजेटबाट लगानीका लागि आवश्यक रकम समपूरकको रुपमा उपलब्ध गराउने
- उपभोक्ता समितिहरु, परामर्शदाता, करार कर्मचारी, सेवा प्रदायक र निर्माण व्यावसायीहरुसँगको कार्यसम्पादनमा आधारित सम्झौता पत्र तयार गर्ने, लागु गर्ने
- गाउँ/नगरपालिकाको उपभोक्ता समिति सम्बन्धी तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी कार्यविधिहरु अनुरुप उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई "कृयाकलाप पूर्वको अभिमुखिकरण" उपलब्ध गराउने । कार्यक्रमसम्बन्धी थप विषयहरुमा प्राविधिक सहायता प्रदायकको सहयोग रहने ।
- जलवायु अनुकुलन तथा उत्थानशील योजनाहरुको प्रगति अनुगमन गर्ने तथा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को प्राविधिक सहायता प्रदायक संस्थाले गुणस्तरीयता अनुमोदन गरे पश्चात मात्र भुक्तानी गर्ने ।
- परियोजनाको अभिलेख र लेखाको भौतिकरुपमा तथा अभौतिक (डिजिटल) रुपमा व्यवस्थित गरी राख्ने र नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को वित्त व्यस्थापन सहयोगी, केमोनिक्स इन्टरनेशनल तथा प्राविधिक सहयोग प्रदायकलाई सक्कल वा प्रतिलिपी, वा दुवैमा पहुँचको व्यवस्था गराउने ।
- प्राविधिक सहायता प्रदायकको गुणस्तरीयता अनुगमन तथा वित्त व्यस्थापन सहयोगीको वित्तीय अनुगमनका क्रममा देखिएका त्रुटी वा कमी कमजोरीलाई उचित महत्वका साथ सच्याउने तथा आन्तरिक नियन्त्रण प्रणालीलाई सुधार्न तत्पर रहने ।
- त्रुटी, कमजोरी वा अनियमित भई दातृ निकायबाट शोधभर्ना कट्टी हुने अवस्था आएमा सो कट्टी भएको रकमको भार बहन आफैं गर्नुपर्नेमा सचेत रहने ।
- सरकारी व्यवस्था अनुसार कार्यक्रमको मासिक तथा त्रैमासिक प्रगति विवरण (भौतिक तथा वित्तीय) तयार पारी समयसीमा भित्रै उपलब्ध गराउने ।
- यस कार्यक्रम मार्फत स्थानीय तहमा उपलब्ध हुने अनुदान रकम सोधभर्नामा आधारित भएकोले मासिक तथा त्रैमासिक प्रगति विवरण प्रत्येक समयावधीको मसान्त सम्ममा वन तथा वातावरण मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

**१.३.३ प्राविधिक सहायता प्रदायक संस्था (मोट म्याकडोनाल्ड लिमिटेड):**

प्राविधिक सहायता प्रदायकको केन्द्रिय कार्यालय काठमाडौं, समन्वय कार्यालय सुर्खेत र फिल्ड कार्यालय (दुई वा तीन गाउँ/नगरपालिका समेट्ने गरी) सम्बन्धित जिल्ला वा गाउँ/नगरपालिकामा पहुँच राख्न सहज स्थानमा रहने छ । प्राविधिक सहायता प्रदायक टोलीमा विशेष गरी जलवायु परिवर्तन तथा प्राविधिक विषय जस्तै इन्जिनियरिंग, जलाधार, वन, कृषि आदि सम्बन्धी विज्ञ रहनेछन् । प्राविधिक सहायता प्रदायक संस्थाको जिम्मेवारी यस प्रकार छन् :

- कार्यक्रमको व्यवस्थापन र कार्यान्वयनमा सक्रिय भूमिका निभाउने । कार्यक्रमको प्राविधिक गुणस्तरीयताका लागि गाउँ/नगरपालिका, उपभोक्ता समिति, निर्माण व्यवसायी र वित्त व्यवस्थापन सहयोगी बीचमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।
- कार्यक्रमे कार्यान्वयका क्रममा उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुलाई कार्यक्रमपूर्वको अभिमुखीकरण तालिमका लागि गाउँ/नगरपालिकालाई अभिप्रेरित गर्ने तथा आवश्यक प्राविधिक सहायता उपलब्ध गराउने ।
- गाउँ/नगरपालिकालाई जलवायु परिवर्तन उत्थानशील नीति, स्थानीय अनुकुलन प्रयास वा योजना र आयोजनाहरुवारे जानकारी दिने तथा क्षमता अभिवृद्धि गर्ने ।
- गाउँ/नगरपालिकालाई जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशील आयोजनाहरुको योजना तर्जुमा, लागत अनुमान र डिजाइन, साथै कार्यप्रगतिमा आधारित भुक्तानीका आधारहरुको मार्गदर्शन गर्ने ।
- गाउँ/नगरपालिका तथा सेवा प्रदायक/कार्यान्वयनकर्ता निकाय वीचको खरिद प्रक्रिया तथा सम्झौताहरुको गुणस्तर निरीक्षण गर्ने । खरिद प्रक्रियाको कारणबाट गुणस्तरीयता ह्रास हुनसक्ने अवस्थाबारे सचेत रही खरीद प्रक्रियाको प्राविधिक पक्षमा गाउँ/नगरपालिकालाई सहजीकरण गर्ने ।
- नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम-दोस्रो चरण सम्बन्धी सुपरीवेक्षण कार्यहरुको गुणस्तरीयता निरीक्षण गर्ने ।
- हासिल भएको कार्यप्रगतिको गुणस्तर तथा सम्पन्नताका आधारमा भुक्तानीका लागि अनुमोदन गर्ने ।
- कोष तथा लेखा नियन्त्रक कार्यालय वा मन्त्रालयलाई पठाउनु पर्ने भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन तयारी सम्बन्धी क्षमता अभिवृद्धि कार्य गर्ने ।
- आवश्यकता अनुसार गाउँ/नगरपालिका एवं वन तथा वातावरण मन्त्रालयलाई नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम २ कार्यान्वयनका क्रममा आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने ।
- प्राविधिक प्रतिवेदन प्रस्तुति तथा ज्ञान व्यवस्थापन गर्न सहयोग गर्ने ।
- वित्तीय प्रतिवेदन एकिकृत गर्न तथा शोधभर्ना प्राप्तिका लागि मन्त्रालयलाई प्राविधिक सहायता उपलब्ध गराउने
- वित्त व्यवस्थापन सहयोगीको तर्फबाट वित्तीय निरीक्षणका क्रममा औंल्याइएका कैफियत तथा त्रुटि, कमजोरी, अनियमितता आदिसम्बन्धी विश्लेषण गरी कार्यक्रमको प्राविधिक पक्षमा सुधारका लागि गाउँ/नगरपालिकासमक्ष पहल गर्ने ।

### १.३.४ वित्त व्यवस्थापनसम्बन्धी सहयोगी संस्था (केमोनिक्स इन्टरनेशनल) :

वित्त व्यवस्थापन सहयोगीको टोलीले प्राविधिक सहायता प्रदायक टोलीसँगै केन्द्रिय, प्रादेशिक र फिल्ड कार्यालयमा रही सहयोग प्रदान गर्नेछ । सो टोलीमा वित्त व्यवस्थापनसम्बन्धी विज्ञहरु रहन्छन् । वित्त व्यवस्थापन सहयोगीको रुपमा केमोनिक्स इन्टरनेशनलको भुमिका यसप्रकार रहनेछ :

- गाउँ/नगरपालिकालाई वित्त व्यवस्थापनसम्बन्धी आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने, जसअन्तर्गत कार्यक्रमसम्बन्धी प्रशासनिक तथा वित्तीय विधि, प्रकृया तथा दस्तावेजको आवश्यकताअनुसार क्रमागत रुपमा निरीक्षण गरी गाउँ/नगरपालिका तथा प्राविधिक सहायता प्रदायकलाई पृष्ठपोषण गर्ने ।

- वित्तीय निरीक्षणका क्रममा देखिएका त्रुटि, कमजोरी, अनियमितता आदिका बारे गाउँ/नगरपालिकासंग छलफल गर्ने र सूधारका लागि सुझावहरु दिने तथा आवश्यक सहजीकरण गर्ने ।

- निरीक्षणबाट देखिएका कैफियत सहित प्राप्त वित्तीय विवरणका अनुगमनका आधारमा त्रैमासिक वित्तीय विवरणको शोधभर्नाका लागी दातृ निकायबाट अनुमोदन गराई शोधभर्ना उपलब्ध गराउने र दातृ निकायबाट शोधभर्ना प्राप्त गर्ने ।

- निरीक्षणका क्रममा देखिएका कमजोरीका आधारमा गाउँ/नगरपालिकाको वित्त व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि कार्य गर्ने ।

## खण्ड २: योजना तर्जुमा तथा बजेट प्रकृया


### २.१ स्थानीय अनुकुलन कार्ययोजना (लापा) खाका तथा वार्षिक योजना तर्जुमा

यस कार्यक्रमको उद्देश्य गाउँ/नगरपालिकाहरुलाई आफ्नो स्थानीय विकास योजना तथा कार्यहरुलाई स्थानीय अनुकुलन कार्ययोजना तर्जुमा प्रक्रिया मार्फत जलवायु परिवर्तनको असरहरुसंग थप अनुकुलित र उत्थानशील बनाउनु हो। स्थानीय अनुकूलन कार्ययोजना खाका (२०७६) मा आधारित यस कार्यक्रमको योजना तर्जुमा प्रकृया स्थानीय तहको योजना तर्जुमा प्रकृयासंग अन्तरनिहीत रहन्छ। वार्षिक योजना तर्जुमाका साथै स्थानीय अनुकूलन कार्ययोजना खाकाले वहुवर्षीय योजना तर्जुमा र कार्यान्वयन प्रक्रियालाई पनि सहयोग गर्छ।

स्थानीय अनुकूलन कार्यहरू समुदाय, प्राकृतिक स्रोत व्यवस्थापन र पारिस्थितिकीय प्रणाली, जलाधार क्षेत्र, जलवायुमैत्री भौतिक पूर्वाधार निर्माण, नदी प्रणाली र अन्य विषयगत क्षेत्रमा आधारित हुन्छ। विगतका अनुभव र सिकाइको पृष्ठभूमिमा जलवायु उत्थानशील समाजको निर्माण गर्न स्थानीय स्तरमा विकास निर्माणको समग्र प्रक्रियामा जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्न आवश्यक छ। यस सन्दर्भमा स्थानीय तह केन्द्रित रहेको यो लापा खाका तीन वटा अवधारणाबाट निर्देशित छ। पहिलो, स्थानीय सरकारको विकासका योजना मार्फत जलवायु संकटासन्न व्यक्ति, घरधुरी तथा समुदायको जीविकोपार्जन र पारिस्थितिकीय प्रणालीलाई जलवायु उत्थानशील बनाउने, दोस्रो, विकासका पूर्वाधारहरूलाई जलवायुमैत्री बनाउने, र तेस्रो, व्यक्ति, घरधुरी, स्थानीय समुदाय र सामाजिक संघ संस्थाको अगुवाइमा भएका जलवायु अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका अभ्यास, स्रोत, क्षमता तथा ज्ञानलाई पहिचान गरी प्रवर्द्धन गर्ने एवं स्थानीय योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियामा संकटासन्न घरधुरी र स्थानीय समुदायलाई सहभागी गराउने।

लापा योजना तर्जुमा तथा कार्यान्वयन प्रक्रियाको प्रमुख जिम्मेवारी तथा दायित्व गाउँ/नगरपालिकाको रहन्छ। लापा योजनाकोलागि यस कार्यक्रमको तर्फबाट तर्जुमा तथा कार्यान्वयन प्रक्रिया, क्षमता अभिवृद्धि, तथा सूचना व्यवस्थापन आदिमा प्रत्यक्ष प्राविधिक सहयोग प्रदान गरिनेछ।

**चित्र १: लापा खाकाको समग्र प्रकिया**



## चरण १: जलवायु परिवर्तन सम्बन्धी सचेतना तथा क्षमता अभिवृद्धि

प्राविधिक सहायता प्रदायकको सहयोगमा गाउँ/नगरपालिकाले जलवायु विज्ञान, जलवायु परिवर्तनको जोखिम, संकटासन्नता तथा प्रभाव एवं त्यसबाट सिर्जित अवसर सम्बन्धी समुदायमा जनचेतना फैलाउन सहयोग गर्नेछ। उक्त अभिमुखीकरणले गाउँ/नगरपालिकाका तथा अन्य सरोकारवालाहरुको जलवायु अनुकुलन तथा उत्थानशील विकास प्रक्रिया वारेमा साझा बुझाई सिर्जना तथा अपनत्व बृद्धि गराउनेछ। यो क्रमागत प्रकृया अन्तर्गत समुदायका सदस्य तथा स्थानीय जनप्रतिनिधिको अभिमुखिकरण, जलवायु परिवर्तन सम्बन्धी जानकारीमूलक सामाग्री सम्प्रेषण, जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलता सम्बन्धी ज्ञान तथा अनुभव आदानप्रदान आदि कार्य पर्दछन्।

## चरण २: संकटासन्नता तथा जोखिम विश्लेषण र वस्तुगत विवरणको तयारी

स्थानीय अनुकूलन कार्ययोजना तयार गर्न जलवायु परिवर्तनको हालको अवस्था, परिदृश्य एवं यसका कारण हुन सक्ने प्रभावहरूको विश्लेषण, जोखिममा रहेका क्षेत्र तथा प्रणालीहरूको पहिचान एवं प्रकोप र जोखिमले पुऱ्याएको क्षतिको लेखाजोखा गर्नु आवश्यक हुन्छ। यसक्रममा जलवायु परिवर्तन कसरी भएको छ, संकटासन्न व्यक्ति, घरधुरी तथा समुदायहरू को को हुन्, किन कसरी हुन्, भौगोलिक क्षेत्र (जलाधार र तटीय क्षेत्र, नदी प्रणाली, भूपरिधि) एवं जीविकोपार्जन तथा पर्यावरणीय प्रणालीमा कस्तो असर गरेको छ भन्ने जानकारी सङ्कलन गरिन्छ। संकटासन्नता तथा जोखिम विश्लेषण र वस्तुगत विवरण सहितको जोखिम पार्श्वचित्र गाँउ/नगरपालिका, समुदाय तथा घरधुरी र भौगोलिक क्षेत्र (जलाधार र तटीय क्षेत्र, नदी प्रणाली, भूपरिधि) तथा प्रणाली (जीविकोपार्जन तथा पर्यावरणीय) स्तरमा तयार गर्न सकिन्छ।

गाउँ/नगरपालिकाले जलवायु परिवर्तनको हालको अवस्था र परिदृश्य तथा यसका सम्भावित प्रभावहरूको विश्लेषण गर्ने, प्रकोप र जोखिमहरूको पहिचान, मापन र यसका असरहरूको विश्लेषण गर्ने साथै संवेदनशील क्षेत्रहरू पहिचान गर्ने, स्थानीय स्रोत साधन सम्बन्धी सूचना संकलन गर्ने तथा संकटासन्नताको आधारमा वडाहरूको वर्गीकरण गर्ने, जलवायु परिवर्तनले कृषि, खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत, ऊर्जा, स्वास्थ्य र सरसफाइ, पर्यटन, पूर्वाधार विकास लगायतका क्षेत्रहरूमा पारेको असरहरूको विश्लेषण गर्ने, जलवायु जोखिम, संवेदनशीलता र अनुकूलन क्षमताका आधारमा प्राथमिकतामा पर्ने जलवायु संकटासन्न परिवार, बस्ती, समूह, समुदाय, भौगालिक क्षेत्र र वडाहरूको पहिचान गर्ने, जलवायुजन्य जोखिम, संवेदनशीलता र अनुकूलन क्षमताका आधारमा प्राप्त सूचनाहरूलाई एकीकृत गरी वस्तुगत विवरणको तयारी र पंजीकरण गर्ने साथै जलवायुजन्य प्रकोपहरूको घटना तथा क्षतिको विवरणको अभिलेख राख्ने, र आवधिक रूपमा तयार गरिएका जोखिम तथा संकटासन्नता सम्बन्धी वस्तुगत विवरणलाई वार्षिक रूपमा अद्यावधिक गर्ने आदि कार्य यस चरण अन्तर्गत पर्दछन्।

प्राविधिक सहायता प्रदायकले गाँउ/नगरपालिका, वडास्तर तथा वस्तीस्तरमा प्रकोप नक्सांकन प्रकृयामा सहायता गरिराखेको छ , जसअन्तर्गत प्रमुख जलवायुजन्य प्रकोप, जोखिम, असर तथा संकटासन्नता मापन गर्न सहयोग हुनेछ। जलवायु परिवर्तन, जलाधार, भू-उपयोग/ढाकेको जमिन, जैविक-भौतिक वातावरण, संकटासन्न वडा/बस्तीहरु, जोखिमयुक्त पूर्वाधार, सामाजिक आर्थिक वातावरणका साथै विभिन्न सरोकारवालाहरुले बनाएका कार्यक्रम तथा परियोजना सम्बन्धी तथ्यांक र सूचना संकलन तथा विश्लेषण गर्न आवश्यक क्षमता अभिवृद्धिका लागि प्राविधिक सहायता प्रदायकले गाउँ/नगरपालिकालाई सहयोग गर्नेछ। उक्त सूचनालाई तथ्यांकमा आधारित योजना तर्जुमा तथा निर्णय प्रक्रियामा प्रयोग गरिनेछ।

यस कार्यक्रम कार्यन्वयनका सन्दर्भमा एक व्यवस्थापकीय सूचना प्रणालीलाई प्रयोगमा ल्याइएको छ जसको मद्दतले आयोजना छनौट तथा कार्यान्वयन प्रक्रियालाई अभिलेखीकरण गर्न र सोबाट अभिलेखित तथ्यांकलाई भविष्यमा योजना तर्जुमा प्रक्रियामा प्रयोग गर्ने आधार तय हुनेछ।

**चरण ३: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरूको पहिचान**

जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका क्रियाकलापहरू विभिन्न विषयगत क्षेत्रसँग सम्बन्धित हुने भएकाले रणनीति तयार गर्दा जलवायु परिवर्तनले कृषि, खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलस्रोत, ऊर्जा, पर्यटन, स्वास्थ्य र सरसफाईलगायतका महत्त्वपूर्ण जीविकोपार्जनका क्षेत्रहरूमा पारेको प्रभावलाई न्यूनीकरण गर्ने र उत्थानशील बनाउने उपायहरूबारे ध्यान दिनुपर्दछ।

गाउँ/नगरपालिकाले गर्नुपर्ने मुख्य कार्यहरूमा जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यहरूको पहिचान गर्न स्थानीय स्तरमा सम्बन्धित सरोकारवालाहरूको सहभागितामा निश्चित मापदण्ड अथवा आधार तयार गर्ने, विषयगत क्षेत्रसंग सम्बन्धित अनुकूलन र जोखिम न्यूनीकरणको रणनीति पहिचान गर्ने, जलवायुमैत्री प्रणाली तथा स्रोतमा पहुँच पुऱ्याउने, संकटासन्न समुदायको क्षमता अभिवृद्धि गर्ने, पूर्वाधार विकासका कार्यको दिगोपना र गुणस्तरमा वृद्धि गर्ने खालका अनुकूलन र जोखिम न्यूनीकरणका अभ्यास एवं कार्य पहिचान गर्ने, स्थानीय स्रोत, साधन, परम्परागत तथा मौलिक ज्ञानमा आधारित अभ्यासमा रहेका अनुकूलन र जोखिम न्यूनीकरणका कार्यहरूलाई प्राथमिकीकरण गर्ने आदि पर्दछन्।

प्राविधिक सहायता प्रदायकले समुदायसंगको अन्तरकृयाबाट आवश्यक सूचना संकलन, आयोजना कार्यान्वयनको सिकाईबारे जानकारी सम्प्रेषण, तथ्यांक आदानप्रदान आदि माध्यमबाट गाउँ/नगरपालिकालाई रणनैतिक कार्यक्रम तर्जुमाका लागि मद्दत गर्नेछ। प्राविधिक सहायता प्रदायकले यस कार्यक्रममा अनुकुलन तथा उत्थानशीलतासम्बन्धी नवीनतम प्रविधिको प्रयोगलाई बढावा दिनेछ। त्यस्तै उप-जलाधारमा आधारित नमुना परियोजना सञ्चालन लगायत विभिन्न रणनैतिक र प्रभावमुखी कार्यक्रमहरु संचालन गरिनछन्।

**चरण ४: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका रणनीतिहरूलाई स्थानीय आवधिक योजना तथा विकासका नीतिहरूमा मूलप्रवाहीकरण**

यस कार्यको उद्देश्य जलवायु परिवर्तन सम्बन्धी स्थानीय सूचना, जोखिमको अवस्था, स्रोत साधनको उपलब्धता, गुणस्तर तथा त्यसमाथिको पहुँच र अनुकूलन तथा जोखिम न्यूनीकरणको आवश्यकता पहिचानको आधारमा जलवायु परिवर्तनलाई स्थानीय तहको आवधिक योजना तथा विकासका नीतिहरूमा मूलप्रवाहीकरण गरी जलवायु परिवर्तन व्यवस्थापनलाई संस्थागत गर्नु रहेकोछ। माथिल्लो चरणमा विकास गरिएका रणनीतिलाई आवधिक योजना तथा कार्यक्रम मार्फत कार्यान्वयनमा लैजानु यस चरणको विशेषता हो। सोका लागि जलवायुमैत्री पूर्वाधार विकासका मापदण्ड तयार पार्ने, जलवायु परिवर्तन तथा विपद जोखिम व्यवस्थापनलाई स्थानीय योजना (गुरु योजना, पञ्चवर्षिय योजना, मध्यमकालीन खर्च संरचना आदि)मा मुलप्रवाहीकरण गर्ने, प्राविधिक रूपले कार्यान्वयन गर्न कठिन तथा धेरै स्रोत लाग्ने अनुकूलनका योजनाहरू बहुवर्षीय, दीर्घकालीन तथा आवधिक योजनामा समायोजन गरेर कार्यान्वयन गर्ने, स्रोत परिचालनका लागि आधार तय गरी आवश्यक समन्वय गर्ने आदि कार्य गाउँ/नगरपालिकाले गर्नुपर्ने हुन्छ।

प्राविधिक सहायता प्रदायकले लापा योजनामा पहिचान गरिएका जलवायु परिवर्तन अनुकुलनका उपायहरुलाई आवधिक योजना तर्जुमामा मूलप्रवाहीकरण गर्न सहयोग गर्नेछ। त्यसैगरी यस कार्यक्रमका असल सिकाईलाई गाउँ/नगरपालिकाले आफ्ना अन्य कार्यक्रममा लागू गरी दीर्घकालीन रुपमा यस कार्यक्रमबाट विकसित प्रविधि तथा प्रकृयालाई जीवन्त राख्न सक्दछ। कार्यक्रमका सिकाईलाई अन्य नियमित कार्यक्रममा मूलप्रवाहीकरण गर्ने रणनीति अनुरुप नै प्राविधिक सहायता प्रदायकले सम्पूर्ण प्राविधिक सहयोगको खाका तर्जुमा गरेको छ।

*स्थानीय तहको नीति तथा कार्यक्रममा जलवायु अनुकूलन तथा उत्थानशीलतालाई मूलप्रवाहीकरणका लागि समावेश गर्न सकिने केही विषयगत जलवायु परिवर्तन अनुकूलन र उत्थानशीलताका रणनीति तथा उपायहरू यसप्रकार रहेका छन् :*

- हैसियत बिग्रिएको र नदी उकास जमिनमा माटो सुहाउँदो बाली लगाउने । जस्तै : नदीको किनारमा - बगर खेती गर्ने, आयमूलक कृषि वन खेती गर्ने ।
- स्थानीय र कृषक समूह स्तरमा कृषि सूचना प्रणाली (जस्तैः मौसमी पात्रो) वा Micro Weather Station स्थापना गरी कृषक समुदायबीच मौसम तथा कृषि सम्वन्धि सूचना प्रवाह गर्ने । कृषि मौसम सूचना सेवा, मौसम तथा बाढी पूर्वसूचना केन्द्रको स्थापना गर्ने ।
- गरिब, भूमिहीन र संकटासन्न घरधुरीको अनुकूलनका लागि वैकल्पिक आय आर्जन र जीविकोपार्जनका उपायहरु पहिचान गरी प्रवर्द्धन गर्ने ।
- कृषि र पशुपक्षी बिमा लागु गरी कृषकहरुको जोखिम न्यूनीकरण गर्ने ।
- नगदे वाली, फलफुल, जडिवुटी तथा गैरकाष्ठ वन पैदावार आदिको उत्पादन तथा व्यवस्थापन गरी उत्थानशीलता वृद्धि गर्ने ।
- जलवायु परिवर्तनको असर न्यूनीकरण र अनुकूलनको प्रभावकारिताको लागि कृषक पाठशाला/जलवायु पाठशाला संचालन गरी सूचना, ज्ञान र सीपको आदानप्रदान गर्ने ।
- जलवायुजन्य जोखिमबाट प्रभावित भिरालो तथा हैसियत कम भएको वन क्षेत्र र नदी उकास जमिनमा गह्रा सुधार तथा उपयुक्त खेती प्रणाली जस्तै साल्ट प्रविधि, एकीकृत कृषि वन प्रविधि अवलम्वन गर्ने ।
- एकीकृत जलाधार तथा उपजलाधार व्यवस्थापनमा समुदायको सहभागिता सुनिश्चित गर्दै स्थानीय समुदायको अनुकूलन क्षमता वृद्धि गर्ने ।
- जलवायु परिवर्तनले पानीको उपलब्धता र पहुँचमा पार्ने असरलाई दृष्टिगत गर्दै स्थानीय स्तरमा पानीको संकलन र समुचित व्यवस्थापनको लागि थोपा सिँचाइ, सौर्य सिँचाइ, प्लास्टिक पोखरी, कुलो, विविध पानी प्रयोग गर्ने विधि, पानी घट्ट, तलाउ र सूक्ष्म जलाशयहरु निर्माण गरी प्रवर्द्धन गर्ने र लोप भएका पोखरीहरुको पुर्नस्थापना गर्ने ।
- कुनै पनि निर्माण कार्य गर्दा संरचनालाई जलवायु उत्थानशील बनाउनु पर्ने ।
- स्थानीय विद्यालय र शैक्षिक संस्थाहरूमा जलवायु परिवर्तनको कारण स्वास्थ्य तथा सरसफाइमा पर्ने असरको बारेमा जनचेतना अभिवृद्धि गर्ने ।
- नेपाल जलवायु नमूना कार्यक्रम संचालन गर्ने ।
- जलवायु परिवर्तनलाई स्थानीय तहमा औपचारिक तथा अनौपचारिक शैक्षिक पाठ्यकमहरूमा समावेश गर्ने ।
- योजनाहरुलाई जलवायुमैत्री तथा समुदायको उत्थानशीलतालाई थप टेवा पुर्‍याउन सम्भव भएसम्म कार्यक्रमहरु प्याकेजमा आवद्ध गरी कार्यान्वयन गर्ने ।

**चरण ५: जलवायु परिवर्तन अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनलाई स्थानीय तहको वार्षिक योजना, बजेट तर्जुमा, र अनुगमन तथा मूल्यांकन प्रक्रियामा मूलप्रवाहीकरण**

जलवायु परिवर्तन अनुकुलन तथा विपद जोखिम न्यूनीकरण र व्यवस्थापनलाई मूलप्रवाहीकरण गर्नका लागि वार्षिक योजना तर्जुमा प्रकृया महत्वपूर्ण चरण हो । वार्षिक योजना तर्जुमाको क्रममा प्राथमिकता तोक्ने, सो आर्थिक वर्षमा कार्यान्वयन गर्ने कृयाकलाप निर्धारण गर्ने, स्रोतको पहिचान र परिचालन गर्ने, संभाव्यता अध्ययन, परियोजना डिजाइन, बजेट तर्जुमा तथा कार्ययोजना तयार गर्ने आदि कार्य पर्दछन् ।

कार्यान्वयन प्रक्रियालाई आ.व.को सुरुवातदेखि नै अगाडि वढाई समयमा कार्य सम्पन्न गराउन खरिद कार्ययोजना अनुसार समयमा खरिद तयारी तथा सेवा प्रदायक छनौट गर्न आवश्यक हुन्छ ।

वार्षिक कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको वार्षिक योजना तर्जुमा प्रकृया (७ चरण)संगै तादाम्यताका साथ गर्नुपर्दछ र विशेष ध्यान दिनुपर्ने कार्यहरु तल उल्लेख गरिएको छ :

५.१ जलवायुजन्य जोखिम पहिचान तथा संक्षिप्त सूची तय गर्न मापदण्ड निर्धारण

गाउँ/नगरपालिकाको सम्बन्धित समिति तथा प्राविधिक सहायता टोलीले संयुक्त रुपमा जलवायु अनुकुलन तथा उत्थानशील योजनाहरु र परिपुरक अनुकूलन कार्यहरुको पहिचानका लागि जलवायुजन्य जोखिम छनौट तथा परियोजनाहरुको संक्षिप्त सूची तय गर्न प्राथमिकता निर्धारणको मापदण्ड तयार गर्नेछन् । छनौटका मापदण्डमा यी कुराहरु समावेश हुनेछन् :

- लगानीका विषयगत क्षेत्रहरु (कृषि, खाद्य सुरक्षा, कृषि वन प्रणाली, उपजलाधार, जलाधार तथा जलश्रोत, वन तथा जैविक विविधता) मा केन्द्रित
- संकटासन्न क्षेत्र, वर्ग, समूह, घरधुरीहरु केन्द्रित
- वहुवर्षिय, बहुआयामिक, एकिकृत विकास कृयाकलाप (पूर्वाधार, जीविकोपार्जन) आदि समेटिएका मझौला तथा ठुला योजनाहरु
- गाउँ/नगरपालिकाको मुख्य लगानी भएको योजनामा कार्यक्रमबाट लगानी हुने, तसर्थ पालिकाको तर्फबाट सह लगानी अनिवार्य
- बढिमा नयाँ ३ वटा जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशीलका एकिकृत योजनाहरु
- गत आ.व.मा स्विकृत भएका तर कार्यान्वयन नभएका हाल पनि उपयुक्त रहेका योजनाहरुलाई प्राथमिकता । यस्तो अवस्थामा गत आ.व.को समेत गरी बढीमा ५ वटा योजनाहरु छनौट गर्ने
- विगतका वर्षमा सुरु भई सम्पन्न हुन बाँकी क्रमागत योजनाहरु वा पुर्नस्थापना गरी सञ्चालन गर्न सकिने योजनाहरुलाई प्राथमिकता
- गत आ.ब.मा भौतिक पूर्वाधार सम्पन्न भएका वा निर्माणाधिन अवस्थामा रहेका स्थानमा भौतिक पूर्वाधारसँग सम्वन्धित आयआर्जनमूलक थप क्रियाकलापहरु
- क्षमता अभिवृद्धिसँग सम्वन्धित क्रियाकलापहरु

५.२: जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशील परियोजनाहरु छनौटका लागि संक्षिप्त सूची, पूर्वसम्भाव्यता अध्ययन र जलवायुजन्य जोखिम पहिचान

संक्षिप्त सुची तय/छनौटको वृहत मापदण्डको प्रयोग गरेर सम्बन्धित समितिले सहलगानी वा कार्यक्रमले मात्र लगानी गर्ने जलवायु अनुकुलन तथा उत्थानशील परियोजना छनौट गर्दछ । आ.व. २०७७/७८मा छनौटमा परेका तर विविध कारणले सञ्चालन हुन नसकेका परियोजनालाई यस आ.व. २०७८/७९मा प्राथमिकता दिनुपर्नेछ । ती परियोजना सहित बढीमा नयाँ तीनवटा परियोजना गरी जम्मा पांचवटासम्म परियोजना मात्र छनौट गर्नुपर्नेछ । छनौट समितिले जलवायुजन्य जोखिमहरुको समेत पहिचान गरी परिपुरक अनुकूलनका कार्यहरु निर्धारण गर्दछ ।

*वस्ती स्तरमा जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील योजनाको पहिचान र छनौटका कार्यहरु यसप्रकार हुन सक्नेछन्*

- जलवायु परिवर्तन अनुकूलन र उत्थानशील सम्बन्धी तयार भएको स्थानीय तहको प्रकोप नक्सांन तथा उपलब्ध भएको हकमा स्थानीय अनुकुलन कार्ययोजना (लापा) लाई आधार बनाएर अन्तरक्रिया, छलफल, परामर्श गरी योजनाहरूको छनौट गर्ने ।
- विपन्न तथा संकटासन्नहरुको जीविकोपार्जनमा आधारित अनुकूलनका कार्यहरुको छनौट गर्ने ।
- जलवायुमैत्री प्रविधि तथा पूर्वाधार विकासका योजनाहरुको छनौट गर्ने ।
- परियोजनाको छनौट, कार्यान्वयन तथा अनुगमनमा लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई महत्व दिइने
- स्थानीय सरकारको संयन्त्र बाहिर रहेका अनुकूलनका अभ्यास, श्रोत, क्षमता तथा ज्ञानलाई पहिचान गरी योजना छनौट प्रक्रियामा समाविष्ट गराउने ।
- योजना छनौट प्रक्रियामा जलवायु परिवर्तनमा कार्यरत घरधुरी, समुदाय र सामाजिक संघ संस्थाहरु तथा परियोजनाहरुसंग छलफल तथा समन्वय गर्ने ।
- जलवायु परिवर्तन अनुकूलन र उत्थानशील योजनाहरु छनौट गर्दा जलवायु जोखिममा रहेका समुदायलाई बस्ती स्तरमा विभाजन गरी विशेषतः महिला, विपन्न, सीमान्तकृत समुदायहरुको अर्थपूर्ण सहभागिताको सुनिश्चितताका साथ त्यस्ता समुदायमा अभिकेन्द्रित बहुउद्देश्यीय परियोजना छनौट गर्ने ।
- अति संकटासन्न समुदायको संकटासन्नता कम हुने खालका कृयाकलापलाई उच्च प्राथमिकता दिइने ।
- छनौट भएका जलवायु परिवर्तन अनुकूलन र उत्थानशीलका कार्यहरुबाट प्राप्त लाभ र लागतको लेखाजोखा गर्ने । लगानीको प्रतिफल (Value for Money) कम भएका योजनालाई कम प्राथमिकता दिइने ।
- कृयाकलापको दिगोपनामा आश्वस्त हुन नसकिने कृयाकलापहरुलाई कम प्राथमिकता दिइने ।

यसरी छनौट भएका योजनाहरुको सूची प्राथमिकीकरणका लागि लिखित रुपमा वडा समितिमा पठाउने ।

५.२.१ संक्षिप्त सूचीमा परेका जलवायु अनुकुलन तथा उत्थानशील परियोजनाको स्थलगत प्रमाणीकरण

गाउँ/नगरपालिकाको अगुवाई तथा प्राविधिक सहायता प्रदायकको गुणस्तरीयता परीक्षणमा सहजीकरणसहित पूर्वसम्भाव्यता मूल्यांकन र प्रारम्भिक लागत अनुमानका लागि जलवायु उत्थानशील विकास योजनाको संक्षिप्त सूचीका परियोजनाहरुको स्थलगत प्रमाणीकरण गरिनेछ । गाउँ/नगरपालिकाले विभिन्न परियोजनाहरुको संभाव्यता मापन मापदण्ड (प्रचलित कार्यविधिको आधारमा) अन्तर्गत प्राविधिक, सामाजिक र आर्थिक सम्भाव्यता समेत मूल्यांकन गर्नुपर्नेछ । कार्यक्रमले सम्भाव्यता मूल्यांकनको गुणस्तरीयता सम्बन्धी आन्तरिक कार्यविधि तयार पारी लागू गरेकोछ । यस प्रक्रियामा पहिचान गरिएका समस्याको समाधानका लागि समस्याको प्रकृति र स्थानीय परिप्रेक्षलाई ध्यानमा राखी सबैभन्दा उपयुक्त समाधान चयन गर्नुपर्दछ । यस चरणमा सम्भाव्य नदेखिएका परियोजनाहरुलाई कार्यक्रमले अगाडी बढाउँदैन ।

*५.२.२ संक्षिप्त सूचीका क्रियाकलापहरुका लागि जलवायुजन्य जोखिम तथा परिपुरक अनुकूलनका कार्यहरुको पहिचान गर्ने*

गाउँ/नगरपालिकाको सम्बन्धितसमितिले क्रियाकलापहरुको संक्षिप्त सूची बनाउने, जलवायुजन्य जोखिम पहिचान तथा स्थलगत भ्रमणका आधारमा संक्षिप्त सूचीका क्रियाकलापहरुको लागि परिपुरक अनुकूलनका कार्यहरुको पहिचान गर्नेछ । जलवायुजन्य प्रमुख जोखिम र अवसरहरु पहिचान गर्ने तथा संक्षिप्त सूचीमा भएका योजनालाई जलवायु अनुकुलित वा उत्थानशील बनाउन परिपुरक अनुकूलनका कार्यहरुको पहिचान गर्न कार्यक्रमले तयार गरेको सूचना व्यवस्थापन प्रणालीको प्रयोग गर्नुपर्नेछ । यस प्रक्रियामा प्राविधिक सहयोग प्रदायकले गाउँ/नगरपालिकालाई सहयोग गर्न सक्छ ।

प्रारम्भिक लागत अनुमानका आधारमा सहलगानीको अनुपातमा सहमति गर्नुपर्दछ। विशेष परिस्थितिमा कुनै परियोजनामा कार्यक्रमको पूर्ण लगानी गर्ने सहमति हुनसक्छ। यस किसिमका क्रियाकलापका लागि रकम लगानीको प्रतिबद्धता व्यक्त गर्नुपूर्व आवश्यक पुष्ट्याई सहित कार्यक्रम व्यवस्थापन इकाईबाट स्वीकृति लिएको हुनुपर्दछ।

तोकिएको समितिले छनौट भएका क्रियाकलापको सूची कार्यपालिका बैठकमा स्वीकृतिका लागि पेश गर्दछ, त्यसपछि कार्यपालिकाले स्वीकृत गरी सभामा अन्तिम स्वीकृति वा अनुमोदनका लागि पेश गर्दछ।

*५.३: परियोजनाको सर्भेक्षण, डिजाइन, व्यवसायिक योजना तथा लागत अनुमान*

विस्तृत डिजाइन प्रक्रिया तथा आवश्यक सर्भेक्षण गर्नुपूर्व गाउँ/नगरपालिकाले परियोजनाको बारे लाभग्राही र आमजनतासँग, उनीहरुको आवश्यकता, प्राथमिकता, दीर्घकालीन सोच/लक्ष्य पहिचानका लागि परामर्श गर्नेछ। निर्माणका हकमा गाउँ/नगरपालिकाका प्राविधिक/ईञ्जिनियरहरुले विस्तृत डिजाइनका लागि आवश्यक सर्भेक्षण (प्राविधिक मूल्यांकन तथा निर्माणस्थल प्रमाणीकरण समेत) सम्पन्न गरेपछिमात्र कार्यक्रमको विस्तृत डिजाइन र लागत अनुमान तयार गर्नु पर्नेछ ।

अन्य जीविकोपार्जन कृयाकलापको हकमा भने गाउँ/नगरपालिकाको कार्यविधिअनुरुप प्रारम्भिक सर्भेक्षण तथा मूल्यांकनपश्चात कार्ययोजना र व्यवसायिक योजना तयार पछि मात्र लागत अनुमान तयार गर्नु पर्नेछ। त्यस्ता व्यवसायिक योजनामा लक्षित समुदाय तथा लाभग्राही, विस्तृत कार्ययोजना, प्राविधिक क्षमता तथा सहजीकरण, अपेक्षित परिणाम तथा लाभ, अनुगमनका उपाय तथा दिगोपनका आधारहरु उल्लेख भएको हुनुपर्दछ। तालिम आदि कृयाकलापका लागि पनि तालिमका विषयवस्तु, अपेक्षित सीप तथा ज्ञान तथा सो ज्ञान प्राप्ति मुल्यांकनका आधार, तालिमका सहभागी छनौट प्रक्रिया र सहभागीको विवरण, श्रोतव्यक्ति तथा साधनको उपलब्धता, तालिमको कार्यतालिका सहितको प्रस्ताव तयार गरी कार्य अगाडि बढाउनु पर्नेछ। साथै योजना तयार गर्ने क्रममा कार्यक्रमको उद्देश्यसंग मेल नखाने तालिम वा जीविकोपार्जन कृयाकलाप देखिएमा सो कृयाकलापमा यस कार्यक्रमले लगानी गर्ने छैन।

भौतिक संरचनाका हकमा सुरक्षाका पक्षहरु सुनिश्चित गर्ने; डिजाइन, सञ्चालन र मर्मतसंभारको व्यवस्था; प्रत्येक परियोजनाको संरचनाको ड्रईङ र कार्यान्वयन समय तालिका लगायतका न्यूनतम विषयवस्तु रहेको विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) गाउँ/नगरपालिकाले मस्यौदा गर्नेछ। प्राविधिक सहायता टोलीका वरिष्ठ ईञ्जिनियरहरुले डिपिआर पुनरावलोकन गरी जाँचसूचीका आधारमा सिफारिस गर्नेछन्, जसलाई कार्ययोजनामा समावेश गरिनेछ। प्राविधिक सहायता प्रदायकले कार्यक्रमको लगानीका लागि आवश्यक न्यूनतम गुणस्तरीयता पुगे नपुगेको निर्णय गर्न सक्छन्।

परियोजनाको आकार, किसिम तथा लागतका आधारमा र सार्वजनिक खरिद ऐन र गाउँ/नगरपालिकाको खरिद सम्बन्धी व्यवस्था वमोजिम देहाय अनुसारका कुरामा ध्यान दिनुपर्नेछ:

- परियोजनाहरुको लागि गर्नुपर्ने खरिद गाउँ/नगरपालिकाको वार्षिक खरिद योजनामा समावेश भएको सुनिश्चित गर्ने।
- उपभोक्ता समिति सम्बन्धी रकम सीमा तथा कामको प्राविधिक कठिनाईका आधारमा परियोजना सम्पन्न गर्न उपभोक्ता समिति गठन वा निर्माण व्यवसायी खरिद गर्ने बारे निर्णय गर्ने
- गाउँ/नगरपालिकाको स्वीकृत कार्यविधि अनुसार र यस कार्यविधि वमोजिम परियोजनाहरु कार्यान्वयनका लागि उपभोक्ता समिति गठन गर्ने
- यदि परियोजनाको कार्यस्थलमा पहिलेनै गठन भएका सक्रिय समूहहरु छन भने (जस्तै वन उपभोक्ता समूह, कृषक समूह, महिला समूह आदी) त्यस्ता समूहलाई आवश्यक प्रक्रिया तथा मापदण्ड पुराई परियोजनाको कार्यमा परिचालन गर्न सकिनेछ।
- सार्वजनिक खरिद ऐन वमोजिम निर्माण व्यवसायी र/वा सेवा प्रदायकको सेवा खरिद गर्ने

- गाउँ/नगरपालिकाले आफैं सञ्चालन गर्ने कृयाकलापका हकमा त्यस्ता कृयाकलापको कार्ययोजना पहिला स्वीकृत गरी आर्थिक प्रशासनसम्बन्धी प्रकृया पुरा भएपछि मात्रै पेश्की दिने र समयमा फर्छ्यौट गराउने, पेश्की माग गर्दा कार्य विवरण र कार्य विवरण अनुसार हुन आउने रकम र पेश्की फर्छ्यौट गर्ने समय सीमा खुलाउनु पर्ने

*५.४: कार्ययोजना तर्जुमा र सोको गाउँ/नगरपालिकासँग सहमति*

गाउँ/नगरपालिकाका पदाधिकारी तथा प्राविधिक कर्मचारीले सर्भे, डिजाइन, व्यवसायिक योजना र लागत अनुमानका आधारमा स्थानीय अवस्था, सवालहरु र मौसमलाई विचार गरी विस्तृत कार्ययोजना तयार गर्नेछन्। यसमा लक्ष्य, भूमिका र जिम्मेवारी, समयतालिका र अनुगमन तथा मूल्यांकन सम्बन्धी व्यवस्थालाई विस्तृत रुपमा उल्लेख गर्नुपर्नेछ। यस चरणमा गाउँ/नगरपालिकाले आयोजना कार्यान्वयन उपभोक्ता समिति वा निर्माण व्यवसायीमार्फत गर्ने निधो गर्दछन्।

*५.५: अनुगमन तथा मुल्यांकनका आधार तय*

परियोजनाको अनुगमन तथा गुणस्तरीयता सुनिश्चित गर्न आवश्यक खाका स्पष्ट तय भएको हुनुपर्दछ। गाउँ/नगरपालिकाको अनुगमन तथा मुल्यांकनसम्बन्धी व्यवस्था लागू हुनाका साथ साथै प्राविधिक सहायता प्रदायकका तर्फवाट गुणस्तरीयता मापन कार्य गरिनेछ। प्राविधिक सहायता प्रदायकको गुणस्तरीयता अनुमोदनविना कृयाकलापको भुक्तानी हुने छैन। वित्त व्यवस्थापन सहयोगी संस्थाले आर्थिक व्यवस्थापन बारे अनुगमन तथा निरीक्षणको जिम्मेवारी वहन गर्नेछ।

*५.६: लगानीका लागि सम्झौता*

गाउँ/नगरपालिकाले उपभोक्ता समिति/निर्माण व्यवसायी/सेवा प्रदायकको सम्झौतामा किस्ता भुक्तानीको विस्तृत कार्यप्रगति विवरण, भूमिका तथा जिम्मेवारीहरु, निर्भरता, लगानी, प्रतिवेदन आवश्यकता र सम्झौताका अन्य शर्तहरु राखी तयार गर्नुपर्नेछ। उपलब्ध स्रोतका आधारमा गाउँ/नगरपालिकाको अनुरोधअनुसार खरिद सम्बन्धी प्रक्रिया एवं महत्वपूर्ण कागजातहरु प्राविधिक सहायता प्रदायकले गुणस्तरीयता अवलोकन गर्नेछ। सम्झौता प्रकृयासम्बन्धी विषयहरु यस कार्यविधिको अन्य बुँदाहरुमा थप विस्तार गरिएको छ।

गाउँ/नगरपालिकाले कार्यान्वयनकर्तालाई परियोजना कार्यान्वयन प्रक्रिया तथा प्रतिवेदन प्रणालीका साथै भौतिक र आर्थिक जिम्मेवारी, जवाफदेहिता र बजेटको पारदर्शिता, खरिद तथा अन्य निर्णयहरुका विषयमा जानकारी दिनु पर्नेछ। प्राविधिक सहायता प्रदायक र वित्त व्यवस्थापन सहयोगीले यस विषयमा आवश्यक सहयोग तथा अनुगमन गर्नेछन्।

*५.७: जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशील परियोजना कार्यान्वयनमा सहयोग*

कार्यक्रमको समग्र व्यवस्थापन तथा कार्यान्वयन प्रक्रियाको जिम्मेवारी गाउँ/नगरपालिकाको हुनेछ र त्यसका लागि प्राविधिक सहायता टोलीले सक्रिय सहयोग गर्नेछ। परियोजना सुरु हुनु अगावै वडा प्रतिनिधिहरुको उपस्थितिमा उपभोक्ता समितिको हकमा सार्वजनिक परीक्षण वा सार्वजनिक सुनुवाई गरेको हुनुपर्नेछ। उक्त सार्वजनिक परीक्षणबाट समुदाय, परियोजना, त्यसको लागत, लाभान्वित वर्ग, परियोजना अवधि, समुदायको भूमिका र जिम्मेवारी तथा मुख्य क्रियाकलापका वारेमा जानकारी आदान-प्रदानहुनेछ। पछि कार्यान्वयनका क्रममा तथा परियोजना सम्पन्न भएपछि पनि थप सार्वजनिक परीक्षण वा सार्वजनिक सुनुवाई सम्पन्न गर्नु पर्नेछ।

निर्धारित डिजाइन तथा योजना अनुसार परियोजना समयमै कार्यान्वयन गराउन गाउँ/नगरपालिकाका कर्मचारीहरुले नियमित रुपमा प्राविधिक सहयोग तथा अनुगमन गर्न आवश्यक हुन्छ। यसका लागि सुरुवातको बेला, कार्यप्रगति भएको

बेला र कार्यको अन्त्यमा साथै विभिन्न महत्वपूर्ण समयमा स्थलगत भ्रमण गर्नुपर्ने साथै कार्यको गुणस्तर एवं निर्माणका समयमा सुरक्षाको व्यवस्थापनका लागि सहयोग गर्नुपर्नेछ।

गाउँ/नगरपालिकाले उपभोक्ता समिति/निर्माण व्यवसायीलाई योजना, अनुगमन, कार्यान्वयन, डिजाइन तथा निर्माण ( स्वास्थ्य र सुरक्षा समेत), सञ्चालन तथा मर्मतसंभार, सुरक्षण, हिनामिना तथा भ्रष्टाचार र छनौट भएको परियोजना कार्यान्वयन पूर्व/पश्चात को प्रतिवेदन सम्बन्धी विषयमा अभिमुखिकरण गर्नुपर्नेछ। विशेषगरी निर्माणको हकमा डिजाइन लेआउट, अवयवहरुको आयाम/उचाई, निर्माण विधि, निर्माण सामाग्रीको गुणस्तर, प्रकोपहरु, कार्यस्थलमा स्वास्थ्य तथा दुर्घटना र सुरक्षा जोखिम घटाउन न्यूनीकरणका उपायहरुका वारेमा उपभोक्ता समिति/निर्माण व्यवसायी अनिवार्य रुपमा परिचित भएको हुनुपर्दछ। त्यस्तै जीविकोपार्जन कृयाकलापका हकमा पनि गुणस्तर, जोखिम, लक्ष्य तथा परिणाम, बजारीकरण आदि बारेमा अभिमुखीकरण आवश्यक छ।

उपभोक्ता समिति वा निर्माण व्यवसायी स्थानीय सामाग्री र कामदार व्यवस्थापनका साथै कार्यान्वयन योजना तथा सम्झौता वमोजिम कार्यान्वयन सम्पन्न गर्न लागि जिम्मेवार हुनेछन्।

*५.८: जलवायु अनुकुलन तथा उत्थानशील परियोजनाहरुको अनुगमन, मूल्यांकन तथा सिकाई*

परियोजनाहरुको अनुगमन तथा मुल्यांकनको मुख्य जिम्मा गाउँ/नगरपालिकाको रहनेछ। साथै प्राविधिक सहायता प्रदायकले कार्यक्रमको लगानीको अनुगमन गर्नेछ र आगामी वर्षको उपलब्धिमा सुधारका लागि सिकाईको अभिलेखीकरण गर्नेछ। अपेक्षित प्रतिफल तथा उपलब्धिका आधारमा उपभोक्ता समितिहरुसँग समेतको परामर्शमा प्रत्येक परियोजनाको कार्यसम्पादन सूचकहरु छनौट गर्नुपर्नेछ। गाउँ/नगरपालिकाको अनुगमन समिति तथा प्राविधिक सहायता प्रदायकका कर्मचारीले सोही सूचकहरुका आधारमा अनुगमन, मूल्यांकन र सिकाईलाई अभिलेखीकरण गर्नेछन्। अनुगमन समितिले अनुगमन मूल्यांकनको प्रतिफल तथा सिकाईहरु कार्यपालिकाको बैठकमा आदान-प्रदान गर्नुपर्नेछ।

**चरण ६: घरधुरी, स्थानीय समुदाय र उपभोक्ता समूह स्तरमा अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्यहरुको तर्जुमा र कार्यान्वयन**

स्थानीय तहको योजना तर्जुमा र कार्यान्वयन बाहेक स्थानीय स्तरमा घरधुरी, स्थानीय समुदाय र परियोजनाले स्थानीय अनुकूलन र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्य, समुदायमा आधारित अनुकूलन कार्यक्रम, पारस्थितिकीय प्रणाली, संरक्षण क्षेत्र व्यवस्थापन र विषयगत क्षेत्रसँग सम्बन्धित र समूहको योजनामा जलवायु परिवर्तन, अनुकूलन तथा विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनका कार्य समायोजन गर्ने विद्यमान पद्धति रहेको छ।

गाउँ/नगरपालिकाले कार्यक्रम सञ्चालनसम्बन्धी हासिल ज्ञान र सूचना सरोकारवाला निकायहरुलाई सम्प्रेषण गर्नेछ। प्राविधिक सहायता प्रदायकले ज्ञान तथा सूचना व्यवस्थापन तथा सिकाइलाई वृहत रुपमा सम्प्रेषण गर्न गाउँ/नगरपालिकालाई सहयोग प्रदान गर्नेछ।

**२.२ बजेट तर्जुमा प्रकृया**

समग्र वार्षिक बजेटको सीमा संघीय तहमा वन तथा वातावरण मन्त्रालयले बेलायती सहयोग नियोगसँगको परामर्शमा निर्धारण गरी अन्तरसरकारी वित्तीय हस्तान्तरण बजेटमा प्रतिविम्बित हुन्छ । गाउँ/नगरपालिकास्तरको वार्षिक योजना तथा वजेट तर्जुमा प्रक्रियाका साथै लापा खाकाको पालना गर्दै वार्षिक कार्यक्रम तर्जुमा हुनेछ। आ.व. को योजना तथा बजेट तर्जुमा भई सकेपछि त्रैमासिक भौतिक र वित्तीय लक्ष्यसहितको विवरण मन्त्रालय तथा प्राविधिक सहायता प्रदायकलाई दिनु पर्नेछ। उपर्युक्त क्रियाकलाप शीर्षकहरुमा वजेट विनियोजन पश्चात स्थानीय तहले अनिवार्य रुपमा सूत्र सफ्टवेयरमा क्रियाकलापगतरुपमा छुट्टा छुट्टै वजेट प्रविष्टि गरेर मात्र खर्च गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

आ.व. २०७८।७९का लागि बजेट तर्जुमा तथा रकमान्तरका लागि देहायका बुँदामा ध्यान दिनुपर्नेछ।

- बजेट तर्जुमा ढाँचा : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ को बजेट तल दिइएको ढाँचा अनुरुप तयार गर्नु पर्नेछ :

बजेट रु हजारमा

| क.स. | प्रस्तावित क्रियाकलाप | NCCSP2 को योगदान | गाउँपालिका/नगरपालिकाको योगदान | कुल बजेट |
|---|---|---|---|---|
| कार्यक्रम : नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ | | | | |
| १ | **जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील योजनाहरु** | | | |
| १.१ | योजना १ | | | |
| १.२ | योजना २ | | | |
| १.३ | योजना ३ | | | |
| | ………… | | | |
| | ………… | | | |
| २. | स्थानीय अनुकूलन कार्ययोजना (लापा) तयारी *(आ.व. २०७७७८ मा तयार नगरेको हकमा मात्र)* | | | |
| ३ | जम्मा कार्यक्रम खर्च (१+२) | | | |
| ४ | सेवा करार कर्मचारी | | | |
| ४.१ | ……………… | | | |
| ४.२ | ……………… | | | |
| ५ | अनुगमन तथा समीक्षा खर्च | | | |
| ६ | एनसिसिएसपि कार्यालय भाडा *(केही स्थानीय तहका हकमा मात्र)* | | | |
| ७ | प्राविधिक उपकरण | | | |
| ८ | जम्मा खर्च (३+४+५+६+७) | | | |

**नोटः**

- *सेवा करार कर्मचारीका हकमा कृषि प्राविधिक, सामाजिक परिचालक र सवइन्जिनियर मध्ये (आवश्यक परेमा मात्र) बढीमा दुईजना सम्म भर्ना गर्न पाइनेछ र सो शिर्षकमा जम्मा कार्यक्रम खर्च (सहलगानी समेत) को ५% भन्दा बढी खर्च गर्न पाइने छैन । यदि थोरै कार्यक्रम बजेट भएकाले अपुग भएमा प्राविधिक सहायता प्रदायकसंगको सहमतिमा दुईजना कर्मचारीको तलबभत्ता भन्दा नबढ्ने गरी रकम थप्न सकिनेछ ।*
- *अनुगमन तथा समीक्षा खर्चका हकमा जम्मा कार्यक्रम खर्च (सहलगानी समेत)को १.५ % भन्दा बढी खर्च गर्न पाइने छैन र उक्त खर्च गाउँपालिका/नगरपालिकाको योगदान अन्तर्गत बजेट तर्जुमा गर्नुपर्नेछ । यसभित्र सेवा करार कर्मचारीको भ्रमण खर्च, कार्यक्रमसम्बन्धी बैठक खर्च आदि व्यवस्था भएको हुनुपर्नेछ ।*
- *एनसिसिएसपिको कार्यालय रहने स्थानीय तहहरुको हकमा कार्यालयको भाडाको भुक्तानीका लागि बजेट व्यवस्था गरिएकाले सोही स्थानीय तहमार्फत हुनेछ । जम्मा २६ स्थानीय तहमध्ये ८ वटाजति स्थानीय तहले मात्र सोको व्यवस्था गर्नु पर्नेछ, जसको जानकारी मन्त्रालयले गर्नेछ । यदि हाल एनसिसिएसपिको कार्यालय रहेको भवनलाई नै सुचारु गर्न सम्भव भएमा सो भवनलाई नै प्राथमिकता दिनु पर्नेछ ।*

- *प्राविधिक उपकरण भन्नाले कार्यक्रमको सेवा करार कर्मचारीलाई आवश्यक पर्ने ल्यापटप तथा नाप जाँच सम्बन्धी उपकरण बुझ्नुपर्दछ । यस्ता सम्पत्ति कार्यक्रम सम्पन्न भएपछि पनि स्थानीय तहमा रहने व्यवस्थाका लागि सोको बजेट यथासक्य स्थानीय तहको योगदानबाट व्यवस्थापन गर्नु पर्नेछ । स्थानीय तहको योगदानबाट खरिद नभएका सम्पत्तिको हस्तान्तरण नभएसम्म एनसिसिएसपिद्वारा थप रेखदेख तथा सूरक्षण गर्नु पर्नेछ ।*
- *कर्मचारी, अनुगमन आदि खर्चका लागि बजेट व्यवस्था भएकाले कार्यक्रम बजेट बाट कन्टिन्जेन्सी रकम कटाउन पाइने छैन ।*
- विनियोजन ऐनमा व्यवस्था भए वमोजिम सशर्त अनुदानवापत हस्तान्तरण भएको रकम जुन विषय क्षेत्रको योजना वा कार्यक्रमको लागि प्राप्ति भएको हो सोही योजना वा कार्यक्रमको लागि मात्र खर्च गर्ने गरी कार्यान्वयन हुने अवधि, कार्यान्वयन प्रकृया, खर्चको अनुमान सहितको कार्ययोजना, मासिक नगद प्रवाहको विवरण र सम्बन्धित सभाले पारित गरेको राजस्व र व्ययको अनुमान साउन मसान्तभित्र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई बुझाउनु पर्नेछ ।
- गाउँ/नगरपालिकालाई लागू हुने नर्म्स/दररेटका आधारमा लागत अनुमान गरिनेछ । साथै प्राविधिक सहायता प्रदायकले गाउँ/नगरपालिकालाई दर विश्लेषण गर्न सहयोग गर्ने तथा कार्यक्रमको अनुभव र आवश्यकता अनुसार दररेट संशोधनका लागि सिफारिस गर्न सक्नेछ ।
- प्राविधिक सहायता प्रदायकको प्राविधिक सहयोगमा गाउँ/नगरपालिकाले प्रस्तावित क्रियाकलापको विस्तृत डिजाइन र लागत अनुमान तयार गर्नेछ । उक्त डिजाइन तथा लागत अनुमानले आवश्यक हुने कूल अनुमानित रकम, समुदायबाट हुने योगदान, गाउँ/नगरपालिकाको योगदान र कार्यक्रमबाट हुने लगानीलाई स्पष्ट गर्नेछ । त्यसमा, निर्माण सामाग्रीको परिमाण तथा स्पेशिफिकेसन, सामाग्रीको स्थानीयस्तरमा उपलब्धता, ढुवानी सम्बन्धी विवरण, लेआउट योजना तथा प्रोफाइलका सबै नक्सा (ड्रइङ)हरु लगायत सामाग्रीको विस्तृत विवरण हुनेछ । लागत अनुमानमा उपभोक्तालाई प्राप्त हुने सञ्चालन तथा मर्मतसंभार कोष, व्यवस्थापन खर्च, अन्य आवश्यक व्यवस्था पनि समावेश भएको हुन्छ । लागत अनुमानले गाउँ/नगरपालिका र कार्यक्रमतर्फको सहलगानीको अनुपात खासगरी निकाशा र भुक्तानीको समयमा छुट्याउने सकिने गरी स्पष्ट गर्नेछ ।
- वजेट अपुग हुने वा रकमान्तर गर्नुपर्ने अवस्थामा बजेट बचत भएको अन्य परियोजनाबाट सम्भव भएसम्म बजेट व्यवस्थापन गरिनेछ । यस्तो निर्णय गाउँ/नगरपालिका र प्राविधिक सहायता प्रदायकको संयुक्त सहमतिमा गर्न सकिनेछ ।
- यदि गाउँ/नगरपालिका र कार्यक्रमको संयुक्त लगानीका परियोजनाको बजेट ठेक्का कवोल गर्ने क्रममा वा अन्य कुनै कारणले वचत हुन गएमा बचत रकमलाई बजेटको अनुपातमानै सशर्त अनुदानको र स्थानीय कोषको बचत कायम गरिनेछ । सशर्त अनुदानको खर्च नभई बाँकी रकम आर्थिक वर्षको अन्त्यमा फ्रिज हुनेछ ।

## खण्ड ३: खरिद तथा सम्झौता व्यवस्थापन

### ३.१ उपभोक्ता समिति

परियोजनाको प्रकृति, मात्रा, कामको दायरा तथा सार्वजनिक खरिद सम्बन्धी व्यवस्था वा उपभोक्ता समिति सम्बन्धी कार्यविधिका साथै प्रस्तावित उपभोक्ता समितिको क्षमता र अवस्थाका आधारमा मात्रै परियोजना उपभोक्ता समितिलाई दिने वा निर्माण व्यवसायीबाट गराउने भन्ने निर्णय हुनेछ । देहाय अनुसारका प्रमुख आधारले उपभोक्ता समितिलाई संलग्न गराउने सम्बन्धमा मार्गदर्शन गर्नेछ :

- परियोजनाको कुल अनुमानित लागत उपभोक्ता समितिमार्फत कार्य गर्न सकिने निर्धारित सिमाभन्दा कम (मूल्य अभिवृद्धि कर, शिरोभार खर्च, कन्टिन्जेन्सी तथा उपभोक्ता समितिको योगदान समेत) हुन सक्छ । उदाहरणका लागि सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार उपभोक्ता समितिमार्फत कार्य गराउने अधिकतम सिमा रु. एक करोड रहेको छ, तर गाउँ/नगरपालिकाको हकमा त्योभन्दा कम सीमा निर्धारण गरेको हुनसक्छ ।
- सामान्य प्रकृतिको र श्रममा आधारित कार्य मात्र उपभोक्ता समितिमार्फत गराउन सकिन्छ । उच्च प्राविधिक सीप आवश्यक पर्ने कार्य उपभोक्ता समितिलाई दिइनेछैन ।

स्थान, उपयोग आदिका आधारमा परियोजना जटिल वा सरल/श्रममा आधारित भएको भन्ने परिभाषित गरिन्छ । विस्तृत परियोजना प्रतिवेदन पुनरावलोकनका समयमा, प्राविधिक जटिलतामा आधारित परियोजनाको प्राविधिक सहायता प्रदायक तर्फका वरिष्ठ इन्जिनियरले उपभोक्ता समितिले संरचनाको आवश्यक गुणस्तरीयता र सुरक्षा गर्न सक्ने वा नसक्ने आधारमा उपभोक्ता समिति वा निर्माण व्यवसायी परिचालन गर्ने सम्बन्धमा सल्लाह दिनेछ । उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत कार्यगर्ने सम्बन्धी अन्तिम निर्णय गाउँ/नगरपालिकाको हुनेछ ।

उपभोक्ता समितिको गठन, परिचालन र व्यवस्थापन सम्बन्धी गाउँ/नगरपालिकाका विद्यमान नियम तथा कार्यविधि अनुरुपनै यस कार्यक्रम कार्यान्वयन गरिने भएतापनि ती प्रावधानमा नबाझिने एवं झन् सशक्त बनाउने उद्देश्यले केही पूरक बुँदाहरु समावेश गरिएका छन् ।

- उपभोक्ता समितिको गठन लाभग्राही समुदायको आमभेला मार्फत गरिनेछ । समितिको सदस्यमा ३३ प्रतिशत महिला र एउटा महत्वपुर्ण पद (अध्यक्ष, सचिव वा कोषाध्यक्ष) मा महिला हुनुपर्नेछ । समितिमा कम्तीमा ३३ प्रतिशत सदस्य जलवायु परिवर्तनबाट उच्च जोखिममा रहेका सीमान्तकृत, संकटासन्न वा विपन्न समुदायबाट हुनुपर्नेछ ।
- यदि योजना समुदायको स्वामित्वको र प्रत्यक्ष लाभग्राही भएको (जस्तै : खानेपानी, सिंचाई, कृषि) अवस्थामा लाभग्राहीहरुको तर्फबाट कम्तिमा १० प्रतिशत योगदान योजनालाई गर्नुपर्नेछ । यद्यपि गाउँ/नगरपालिकाले पहिला नै उच्च योगदान लागु गरिसकेको भएमा सोही अनुसारहुनेछ । प्रत्यक्ष लाभग्राही नहुने सार्वजनिक सम्पत्तिमा उपभोक्ता समितिको योगदान आवश्यक नहुन सक्छ । योजना प्रति प्रतिवद्धता तथा अपनत्व प्रदर्शन गर्न समुदायबाट गरिने योगदानबाट कम्तिमा १ प्रतिशत नगदका रुपमा र बाँकी वस्तुगत रुपमा (ढुंगा, गिट्टी, वालुवा, काठ वा बाँस, वा बाहिरबाट ल्याउनुपर्ने सामाग्रीको सडकदेखि कार्यस्थलसम्मको ढुवानी, खन्ने, गाड्ने, निर्माण गर्ने आदिका लागि अदक्ष कामदार) गर्नुपर्नेछ । उपभोक्ता समितिको १ प्रतिशत योगदान योजना लागतमा वा सञ्चालन तथा मर्मतसंभार खर्चमा उपयोग गर्न सकिनेछ । सवै सदस्यहरु सीमान्तकृत, संकटासन्न वा विपन्न जनसंख्याको वर्गमा पर्ने उपभोक्ता समितिको हकमा न्यूनतम योगदान प्रत्यक्ष लाभग्राही भएका योजनाहरु नै भए पनि शून्य प्रतिशत सम्म घटाउन सकिन्छ ।
- सम्झौता हुनुभन्दा पहिला नै उपभोक्ता समितिसँग आवश्यक मापदण्ड (प्रतिनिधित्व, योगदान आदि) र न्यूनतम क्षमता भएको सुनिश्चित गर्न गाउँ/नगरपालिकाले समितिको गठन प्रकृया र संलग्न कागजातको उचित मुल्यांकन गरी न्यूनतम मापदण्ड पूरा भएको निर्णय अभिलेखित गर्नुपर्नेछ ।

- उपभोक्ता समिति गाउँ/नगरपालिकामा दर्ता भएको तथा अद्यावधिक भएको हुनुपर्नेछ । उपभोक्ता समितिको आफ्नो सुशासन तथा सञ्चालनका विषय समेटेको विधान जारी गरेको हुनुपर्दछ ।
- उपभोक्ता समितिले बाहिरबाट ल्याउनुपर्ने सामाग्री खरिदका लागि प्रतिस्पर्धात्मक प्रक्रियाको अवलम्बन गर्न, सार्वजनिक खरिद ऐन तथा गाउँ/नगरपालिकाको खरिद नियमावली पालना गर्नुपर्नेछ । गाउँ/नगरपालिकाको खरिद सम्बन्धी कार्यविधि अनुसार यदि खरिद मूल्य सिलवन्दी कोटेसनको सीमासम्मको भएमा उपभोक्ता समितिले आफैं खरिद गर्न सक्नेछ । कुनै वोलपत्र आवश्यक पर्ने परिमाणको सामाग्री खरिद गर्नुपर्ने भएमा गाउँ/नगरपालिकाको प्रत्यक्ष संलग्नता र सहयोगमा खरिद गर्नुपर्नेछ ।
- पूर्व स्वीकृति वेगर ठुला उपकरण (हेभी मेसिनरी)को प्रयोग गर्न पाइनेछैन । उपभोक्ता समितिले आफै काम गर्नुपर्नेछ, अन्यलाई ठेक्का दिन पाइनेछैन ।
- कार्य सम्पन्न भएपछि सञ्चालन तथा मर्मतसंभारका लागि उपभोक्ता समितिको सहयोग आवश्यक पर्ने परियोजनाहरुमा विद्यमान उपभोक्ता समितिलाई नै गाउँ/नगरपालिकाले योजना हस्तान्तरण गर्नेछ । आवश्यकता अनुसार गाउँ/नगरपालिकाले प्राविधिक सहायता प्रदायकको सहयोगमा सञ्चालन तथा मर्मतसंभार कार्यविधि र कोष/वस्तुगत सहयोगको व्यवस्था गर्नेछ ।

**३.२ सार्वजनिक परिक्षण**

उपभोक्ता समितिले उपभोक्ता वा लाभान्वित समुदायको उपस्थितिमा र गाउँ/नगरपालिका वा वडास्तरीय प्रतिनिधिको रोहवरमा देहाय अनुसारको सार्वजनिक परीक्षणको आयोजना गरी वित्तिय विवरण सहितको बैठकको निर्णय माइन्युट गर्नुपर्नेछ:

- परियोजनाको शुरुमा : उपभोक्ता समितिले सामाग्री खरिद तथा कार्यान्वयनस्थलमा ढुवानी गरेपछि - सामाग्रीको परिमाण, मूल्य र गुणस्तर, विस्तृत योजना, उपलब्ध स्रोत आदिका विषयमा छलफल गर्ने ।
- परियोजनाको करिव आधा काम सकिएपछि (दोस्रो कार्यप्रगति किस्ताका लागि, यदि लागू हुने भएमा) : उपभोक्ता समितिले गाउँ/नगरपालिकामा पहिलो किस्तापछिको माग तथा अन्तिम किस्ता भन्दा अगाडि - उक्त अवधिसम्मको आम्दानी तथा खर्चको विवरण, प्रगतिको अवस्था, सामना गरेका चुनौतिहरु, फरक परेको कुरा ( यदि कुनै भएमा), अपेक्षित सम्पन्न मिति आदि वारेमा छलफल गर्ने ।
- परियोजनाको अन्त्यमा : परियोजना सम्पन्न भएपछि प्राविधिकले आम्दानी र खर्चको स्वीकृतिका लागि परियोजना सम्पन्न गर्न सहमत भएपछि - कूल आम्दानी तथा खर्च, कार्य सम्पन्न प्रतिवेदन, भएका सिकाईहरु, सञ्चालन तथा मर्मतसंभार, हस्तान्तरण योजना आदि विषयमा विस्तृत छलफल गर्ने ।
- तर, यदि साना स्तरको क्रियाकलाप (३ लाख भन्दा कम) भएमा र दुई महिनाभित्र सम्पन्न भएमा सार्वजनिक परीक्षण दुई पटक मात्र गर्न सकिन्छ : जस्तै परियोजनाको सुरुमा र परियोजनाको अन्त्यमा ।

**३.३. ठेक्का प्रकृया**

गाउँ/नगरपालिकामा लागू भएको खरिदसम्बन्धी नियमावली वमोजिम ठेक्का प्रकृया कार्यान्वयन हुनेछ । लागत अनुमानभन्दा १५ वा सोभन्दा बढी प्रतिशतले घटी बोलपत्र पेश गर्ने निर्माण व्यवसायी वा सेवा प्रदायकका हकमा गाउँ/नगरपालिकाको नियमानुसार विश्लेषण तथा पुनरावलोकन गरिनेछ । प्राविधिक सहायता प्रदायकले खरिद प्रकृयामा प्राविधिक सहयोग प्रदान गर्नेछ, जस्तै: स्पेसिफिकेसन तर्जुमा गर्न, खरिद सुचनालाई सार्वजनिक भए नभएको अनुगमन गर्न, तथा खरिद समितिमा प्रतिनिधिका रुपमा रही प्रतिस्पर्धात्मक छनौटमा प्राविधिक पक्षबाट टेवा पुर्‍याउन ।

प्राविधिक तथा वित्तीय अनुगमनका क्रममा उपयुक्त खरिद प्रकृया अवलम्बन नगरेकाले मितव्ययीतामा ह्रास आएको वा वजार भाउभन्दा अधिक मुल्यमा खरिद भएको ठहर भएमा कार्यक्रमले गाउँ/नगरपालिकालाई कम भुक्तानी गर्न वा गरेको भुक्तानी सच्याउन सुझाव दिन सक्नेछ ।

## ३.४. सेवा करारका कर्मचारी नियुक्ति वा परामर्शदाता खरिद

कार्यक्रम कार्यान्वयनका लागि गाउँ/नगरपालिकाले सेवा करारमा कर्मचारी वा परामर्शदाता नियुक्त गर्न सक्दछ। प्राविधिक सहायता प्रदायकले नियुक्ती प्रक्रियालाई प्राविधिक सहयोग (जस्तै कर्मचारीको काम, कर्तव्य र अधिकार तय गर्न) र छनौट समितिमा विज्ञको रुपमा सहभागी भएर सहयोग गर्नेछ। कार्यक्रमका लागि नियुक्त कर्मचारीको कामको सुपरिवेक्षण प्राविधिक सहायता प्रदायकका तर्फबाट गरिने छ भने प्रशासनिक जिम्मा गाउँ/नगरपालिकाको हुनेछ। आ.व. २०७८/७९का लागि योजना तर्जुमा कार्यविधि जारी गरी वन तथा वातावरण मन्त्रालयले यस कार्यक्रमका लागि सेवा करारमा सामाजिक परिचालक, सव इन्जिनियर र कृषि प्राविधिकमध्ये आवश्यकताअनुसार बढीमा दुई जनाका लागि सहमति प्रदान गरेको छ। सेवा करार कर्मचारी नियुक्तिमा सकेसम्म महिला वा पिछडिएका वर्गका व्यक्तिलाई प्राथमिकतामा राख्नुपर्नेछ।

गत आ.व. नै छनौट भई काम गरिरहेका कर्मचारीको हकमा कार्यसम्पादन सन्तोषजनक भए/नभएको निर्क्योल गरी यस आ.व.का लागि सम्झौता थप गर्न सकिने छ।

## ३.५ कन्टिन्जेन्सी

कार्यक्रमबाट कुनै प्रकारको कन्टिन्जेन्सी वा अन्य कोषमा भुक्तानी हुनेछैन। कर्मचारी, अनुगमन, उपकरण आदि खर्च वजेटमा व्यवस्था भएको र उपभोक्ता समितिको व्यवस्थापन, परियोजना मर्मत सम्भार, बीउ पूँजी आदि लागत अनुमानमानै व्यवस्था गरिएको हुँदा यस कार्यक्रमबाट कन्टिन्जेन्सी वा अन्य कोषमा रकम छुट्याउन आवश्यक रहँदैन।

## ३.६. संयुक्त लगानी

गाउँ/नगरपालिकाको विकास कार्यक्रममा जलवायु परिवर्तन अनुकुलन तथा उत्थानशीलतालाई मूलप्रवाहीकरण गर्न तथा यस कार्यक्रमको अपनत्व सुनिश्चितताका लागि संयुक्त लगानीका परियोजनाहरुलाई प्राथमिकता दिइनेछ। सहलगानी मध्ये गाउँ/नगरपालिकाको लगानीको अंश नियमित विकाससम्बन्धी र कार्यक्रमको लगानीको अंश जलवायु उत्थानशिलताका लागि केन्द्रित रहन सक्दछ। यदि परियोजना पूर्ण रुपमा जलवायु अनुकुलन सम्बन्धी भएमा कार्यक्रमले सवै लगानी एक्लै पनि गर्न सक्नेछ।

## ३.७ सम्झौता व्यवस्थापन

गाउँ/नगरपालिका र सेवा प्रदायक/उपभोक्ता समिति/निर्माण व्यवसायीहरु वीच योजना कार्यान्वयन सम्झौता हुनेछ। गाउँ/नगरपालिकाको ढाँचामा सम्झौता गरिएता पनि कार्यप्रगतिका आधारमा भुक्तानी गर्नका लागि सम्झौतामा आधारहरु निर्धारण गर्नुपर्नेछ। उदाहरणका लागि :

- उपभोक्ता समिति/निर्माण व्यवसायीले कार्य गर्ने आशयको स्वीकृति भई उपभोक्ता समितिले स्थानीय सामाग्रीको संकलन वा निर्माण व्यवसायीले कार्यान्वयन स्थलमा सामाग्री तथा उपकरण ढुवानी गरेपछि पहिलो कार्यसम्पादन प्रगति हुनेछ र सोको भुक्तानी दिइने छ। निर्माण व्यवसायीका लागि पहिलो किस्ता भुक्तानी वा मोविलाइजेशन पेश्की बैंक ग्यारेण्टीका आधारमा हुनेछ।
- दोस्रो कार्यसम्पादन प्रगति (न्यून लागत/छोटो अवधिका योजनामा लागू नहुने) का लागि योजनाको आधा परिमाणको भौतिक प्रगति हासिल भएको अवस्थामा हुनेछ।
- अन्तिम कार्यसम्पादन प्रगति (किस्ता) योजनाको काम सम्पन्न भई भौतिक कार्य स्वीकृत भएपछि हुनेछ।

यस्ता आधार तय गर्नका लागि सम्झौतामा अनुसूची बनाई गर्न सकिनेछ जसको उदाहरण अनुसूची २ मा दिइएको छ।

## खण्ड ४: वित्तीय व्यवस्थापन तथा भुक्तानी प्रकृया

### ४.१ कोष प्रवाह प्रणाली

आ.व. २०७८/७९को कोष प्रवाह संघीय सशर्त अनुदानका रुपमा हुनेछ र यो संघीय शोधभर्ना विधि अनुरुप दातृ निकायबाट निकाशा हुनेछ। तसर्थ यो सरकारी बजेट तथा कोषमा आधारित कार्यक्रम हो। गाउँ/नगरपालिकामा वित्तीय प्रवाह हुँदा संघीय कोष प्रणालीमार्फत सशर्त अनुदानसम्बन्धी व्यवस्थाअनुरुप हुनेछ। हरेक त्रैमासिकको भौतिक तथा वित्तीय प्रगतिको आधारमा दातृ निकायबाट संघीय सञ्चित कोषमा शोधभर्ना प्राप्त हुने व्यवस्था रहेको हुँदा गाउँ/नगरपालिकाले प्रगति प्रतिवेदन समयमै उपलब्ध गराउन आवश्यक छ।

विनियोजन ऐनअनुसार सशर्त अनुदानको पहिलो त्रैमासिक किस्ता भाद्र महिनामा उपलब्ध र अन्य किस्ता क्रमशः कार्तिक, माघ र बैशाखमा वित्तीय प्रतिवेदन प्राप्त गरेपछि बाँकी रकम समायोजन गरी सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यलयबाट उपलब्ध हुनेछ। असार मसान्तसम्म खर्च नभई बचत भएको रकम आगामी आ.व.को १५ दिनभित्र संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने हुन्छ , अन्यथा सो रकम अर्को आ.ब.मा प्राप्त हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरी समायोजन गरिने व्यवस्था विनियोजन ऐनमा रहेको छ।

समयमा वित्तीय विवरण प्राप्त नभई, त्रुटिपूर्ण वित्तीय विवरण, लेखापरीक्षण बेरुजू वा अनियमितता आदि कारणबाट दातृ निकायबाट शोधभर्ना प्राप्त भएका रकम पनि सम्बन्धित गाउँ/नगरपालिकाको वित्तीय अनुदानबाट कट्टा गरी समायोजन गरिने व्यवस्था रहेको छ।

प्राविधिक सहायता प्रदायक तथा वित्तीय व्यवस्थापन सहयोगीको गुणस्तरीयता र वित्तीय अनुगमनका क्रममा देखिएका त्रुटि वा कैफियतका बारेमा गाउँ/नगरपालिकालाई समयमा जानकारी गराई प्रतिकृया लिनुपर्नेछ। नसच्याइएका त्रुटिका बारे बन तथा वातावरण मन्त्रालय तथा दातृ निकायलाई पनि प्रतिवेदन गर्नुपर्नेछ।

### ४.२ भुक्तानी प्रकृया

मितव्ययीता तथा पारदर्शिता कायम गर्दै लागू भएका नियम तथा कार्यविधि (जस्तैः सार्वजनिक खरिद, आर्थिक प्रशासन, खर्च सार्वनिजीकरण आदि) अनुरुप कार्य सञ्चालन गर्ने जिम्मा गाउँ/नगरपालिकाको रहन्छ। गाउँ/नगरपालिकाले उपभोक्ता समिति/निर्माण व्यवसायीको कार्यको सन्तोषजनक कार्यसम्पादन तथा आवश्यक कागजातहरु प्राप्त भएपछि किस्तागत रुपमा परियोजनासम्बन्धी भुक्तानी गर्नेछ। भुक्तानीसम्बन्धी दायित्वको र प्रक्षेपणको विवरण आवधिक रुपमा तयार पार्ने जिम्मा प्राविधिक सहायता प्रदायकको रहनेछ।

- भुक्तानी/निकाशा उपभोक्ता समिति वा सेवा प्रदायक/निर्माण व्यवसायीलाई बैंक खाता मार्फत हुनेछ। कुनै पनि भुक्तानी नगदमा हुनेछैन।
- भुक्तानी पूर्व सहमति अनुसारको कार्यसम्पादनका आधारमा हुनेछ। कार्यसम्पादनमा आधारित प्रगति सम्बन्धमा गाउँ/नगरपालिका र उपभोक्ता समिति/निर्माण व्यवसायी बीच सम्झौतामा निर्धारण गरे बमोजिम गरिनेछ।
- उपभोक्ता समिति वा निर्माण व्यवसायीको गुणस्तरीय कार्यसम्पादन, सोको प्राविधिक सहायता प्रदायकबाट अनुमोदन र सम्पूर्ण आवश्यक प्रमाण पेश भएपछि मात्र भुक्तानी गरिने छ :
    - प्राविधिक गुणस्तरीयताको लेखाजोखा गरी प्राविधिक सेवा प्रदायकले भुक्तानीको लागि सिफारिस गरेपछि मात्र सो उपभोक्ता समिति वा निर्माण व्यवसायीलाई गाउँ/नगरपालिकाले भुक्तानी गर्न सक्नेछ।
    - वित्त व्यवस्थापन सहयोगीले नियमित रुपमा भुक्तानी सम्बन्धी कागजात र प्रकृयाको अनुगमन गरी कार्यक्रमलाई आवश्यक सल्लाह सुझाव दिंदै आर्थिक व्यवस्थापनलाई चुस्त दुरुस्त राख्न सहयोग गर्नेछ।

सो क्रममा देखिएका त्रुटि वा कैफियतका आधारमा खर्च सच्याउने वा रकम असूल गर्नुपर्ने पनि हुन सक्छ ।

### ४.३ अभिलेखिकरण तथा लेखापालन

गाउँ/नगरपालिकाले रकम मागलाई स्वीकृत गरी आवश्यक प्राविधिक अनुमोदनका लागि पेश गर्नु अगावै आवश्यक कागजातहरुको देहायबमोजिम निरीक्षण गर्नेछ :

- निर्धारित प्रतिवेदन ढाँचा/वील भर्पाई प्रयोग भए, नभएको
- प्रतिवेदन ढाँचा आधिकारिक पदाधिकारी (उपभोक्ता समिति वा निर्माण व्यवसायी) ले हस्ताक्षर गरे, नगरेको
- प्रतिवेदन ढाँचामा गणितीय त्रुटि नभएको
- स्वीकृत बजेट शीर्षक अन्तर्गतनै खर्च भएको तथा शीर्षकभन्दा बढी खर्च गर्नुपूर्व गाउँ/नगरपालिका/प्राविधिक सेवा प्रदायकबाट पूर्व स्वीकृति लिएको ।
- सवै खर्चहरुको आवश्यक कागज प्रमाणहरु यथोचित तथा नियमसम्मत भएको
- कुल माग गरेको रकम उक्त अवधि वा कार्यप्रगतिका आधारमा भुक्तानी गर्ने सहमति भएको भन्दा बढी नभएको

कार्यक्रमसम्बन्धी सबै कागजातमा यस कार्यक्रमका प्राविधिक सहायता प्रदायक र वित्त व्यवस्थापन सहयोगीको आवश्यकता अनुरुप पहुँच सुनिश्चित हुनुपर्दछ ।

गाउँ/नगरपालिकाले रकम मागलाई स्वीकृत गरेपछि प्राविधिक सहायता प्रदायकले प्राविधिक गुणस्तरीयताको लेखाजोखा गरी भुक्तानीका लागि सिफारिस गर्नेछ । वित्त व्यवस्थापन सहयोगीले आवश्यकता अनुसार नियमित रुपमा भुक्तानी सम्बन्धी कागजात र प्रकृयाको अनुगमन गर्नेछ ।

आवश्यकता अनुसार भुक्तानीसम्बन्धीको कागज प्रमाणको अभौतिक (डिजिटल) प्रति तयार गरी वित्त व्यवस्थापन सहयोगीलाई उपलब्ध गराउनु पर्दछ ।

वित्तीय विवरणलाई सटिक राख्न गाउँ/नगरपालिकालाई कम्तीमा मासिक रुपमा बैंक हिसाव मिलान तयार गर्न अभिप्रेरित गरिन्छ ।

प्रचलित कानुन बमोजिम खर्चको बजेट शीर्षक, कृयाकलाप, खर्च शीर्षक, तथा श्रोतसमेत खुल्ने गरी लेखांकन गरी वित्तीय प्रतिवेदन तयार गर्नु पर्नेछ ।

# खण्ड ५: अनुगमन तथा प्रतिवेदन

## ५.१ अनुगमन

समग्र सम्झौताको व्यवस्थापन र बजेट तथा समय सीमाभित्र डिजाइन, व्यवसायिक योजना, कार्ययोजना एवं प्राविधिक स्पेशिफिकेसन अनुसारको कार्यसम्पादन सुनिश्चित गर्न कामको सुपरिवेक्षण गर्ने प्रथम जिम्मेवारी गाउँ/नगरपालिकाको हुनेछ। प्राविधिक सहायता प्रदायकको भूमिका सम्पन्न कार्यको भुक्तानी अगावै कार्यसम्पादन प्रगति अनुसार गुणस्तर पुनरावलोकन गर्ने र गुणस्तर सुधारका लागि गर्नुपर्ने कार्य सम्बन्धमा गाउँ/नगरपालिकालाई सिफारिस गर्नु हुनेछ।

- कार्यक्रमको प्रभाव, उपलब्धि तथा प्रतिफल हासिल गर्न समग्र कार्यसम्पादनको अनुगमन तथा मूल्यांकन गर्ने जिम्मेवारी कार्यक्रम व्यवस्थापन इकाईको हुनेछ। यसको प्राथमिक जिम्मेवारी, परियोजनाको उपलब्धि तथा प्रभाव तहको सूचकहरु मापनको नतिजालाई एकीकृत गरी मन्त्रालय र दातृ निकायलाई परियोजना प्रगति प्रतिवेदन प्रस्तुत गर्नु रहेको छ।
- मन्त्रालय, दातृ निकाय तथा गाउँ/नगरपालिकाहरुको संयुक्त अनुगमन भ्रमणका लागि सहमति हुँदा कार्यक्रमको प्राविधिक सहायता प्रदायकले आवश्यक समन्वय गर्नेछ।
- वित्त व्यवस्थापन सहयोगीले कार्यक्रमको आर्थिक प्रशासनको अनुगमन, मुल्यांकन तथा क्षमता अभिवृद्धि कार्य गर्नेछ। गाउँ/नगरपालिकाको क्षमताका आधारमा त्यस्ता कार्य अविछिन्न वा पटके भ्रमणको रुपमा गर्न सकिनेछ।
- कार्यक्रमसम्बन्धी सबै कागजातमा यस कार्यक्रमका प्राविधिक सहायता प्रदायक र वित्त व्यवस्थापन सहयोगीको आवश्यकता अनुरुप पहुँच सुनिश्चित हुनुपर्दछ।

## ५.२ सूचकहरु

कार्यक्रमसम्बन्धी प्रमुख सूचकहरु यसप्रकार रहने छन्। यी सूचकहरुको प्रगति व्यवस्थापन सूचना प्रणालीमार्फत अभिलेखित तथा सम्प्रेषण गरिनेछ।

| क.स. | सू चक (Indicator) | लक्ष्य (Value) |
|---|---|---|
| १ | जम्मा स्थानीय अनु कू लन योजना (लापा) तयार | सं ख्या |
| २ | एकिकृ त जलाधार/उप-जलाधार ब्यवस्थापन योजना तयारी | सं ख्या |
| ३ | जलवायु जन्य प्रकोप मानचित्रावली (Map) तयारी | सं ख्या |
| ४ | लाभान्वित जनसं ख्या | सं ख्या |
| ४.१ | प्रत्यक्ष लाभान्वित | सं ख्या |
| ४.१.१ | पु रूष | सं ख्या |
| ४.१.२ | महिला | सं ख्या |
| ४.२ | अप्रत्यक्ष लाभान्वित | सं ख्या |
| ४.२.१ | पु रूष | सं ख्या |
| ४.२.२ | महिला | सं ख्या |
| ५ | स्थानीय समु दायमा सृ जना भएको रोजगार | श्रमदिन |
| ५.१ | दक्ष/अर्ध-दक्ष | श्रमदिन |
| ५.१.१ | पु रूष | श्रमदिन |
| ५.१.२ | महिला | श्रमदिन |

| क.स. | सूचक (Indicator) | लक्ष्य (Value) |
|---|---|---|
| ५.२ | अ-दक्ष | श्रमदिन |
| ५.२.१ | पुरूष | श्रमदिन |
| ५.२.२ | महिला | श्रमदिन |
| ६ | जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील सम्बन्धी तालिम प्राप्त गरेका समुदाय | संख्या |
| ६.१ | पुरूष | संख्या |
| ६.२ | महिला | संख्या |
| ७ | जलवायु परिवर्तन अनुकूलन तथा उत्थानशील सम्बन्धी तालिम प्राप्त गरेका गाउँ/नगरपालिकाका पदाधिकारी तथा कर्मचारी | संख्या |
| ७.१ | पुरूष | संख्या |
| ७.२ | महिला | संख्या |
| ८ | जम्मा कार्यान्वयन भएका स्थानीय अनुकूलन योजना (लापा)/जलवायु उत्थानशील योजना | संख्या |
| ८.१ | जम्मा सिन्चित क्षेत्र | हेक्टर |
| ८.१.१ | साना सिचाइ योजना (नहर, प्लाष्टिक पाइप आदि) | हेक्टर |
| ८.१.२ | पानी संकलन/संचय (प्लाष्टिक पोखरी, टङकी, रिचार्ज पोखरी आदि) | हेक्टर |
| ८.२ | नदि तथा पहिरो नियन्त्रणका लागि ग्याबियन पर्खाल निर्माण | क्युबिक मिटर |
| ८.३ | खाने पानी संकलनको लागि निर्माण गरिएका टङकी | लिटर |
| ८.४ | निर्माण गरिएका खाने पानीका धारा | संख्या |
| ८.५ | साना जलबिद्धुत योजनामा सहयोग | संख्या |
| ८.६ | कृषि नर्सरी निर्माणमा सहयोग | संख्या |
| ८.६.१ | बार्षिक बिरूवा उत्पादन | संख्या |
| ८.७ | वन नर्सरी निर्माणमा सहयोग | संख्या |
| ८.७.१ | बार्षिक बिरूवा उत्पादन | संख्या |
| ८.८ | बृक्षारोपण गरिएको जम्मा क्षेत्र | हेक्टर |
| ८.९ | फलफुल खेति (स्याउ, ओखर, टिमुर आदि) गरिएको जम्मा क्षेत्र | हेक्टर |
| | स्याउ | हेक्टर |
| | ओखर | हेक्टर |
| | टिमुर | हेक्टर |
| | ……… | |
| ९ | जलवायु बजेट संकेतको नमुनाको रूपमा कार्यान्वयन गरिएको गाउँ/नगरपालिका | संख्या |
| १० | गाउँ/नगरपालिकाको सह-लगानी भएका जम्मा योजनाहरू | संख्या |
| ११ | छानिएका योजनाहरूमा जम्मा सह-लगानी | रकम रू. |
| १२ | जम्मा खर्चको विवरण | रकम रू. |
| १३ | मर्मत सम्भार कार्य विधि स्वीकृत गरेका गाउँ/नगरपालिका | संख्या |
| | ………. | |
| | ………. | |

### ५.३. प्रतिवेदन

- प्राविधिक सहायता प्रदायकले व्यवस्थापकीय सूचना प्रणाली (एमआइएस)मा प्रगतिबारे सूचना अभिलेखित राख्न र कार्यक्रम सम्बन्धी प्रगति प्रतिवेदन तयार गर्न गाउँ/नगरपालिकालाई मद्दत गर्नेछ।
- गाउँ/नगरपालिकाले मासिक रुपमा सूत्र सफ्टवेयरको प्रयोगबाट र प्राविधिक सहायता प्रदायकको सहयोगमा सशर्त अनुदानसम्बन्धी व्यवस्था भए अनुरुप वित्तीय विवरण तयार गर्नुपर्नेछ। वित्तीय विवरणमा समावेश हुने कुराहरु साधारणतया यी पर्दछन् : खर्चको विवरण, पेश्की विवरण, बैंक हिसाव विवरणसँग मेल खाने कोषको अवस्था सम्बन्धी विवरण, बजेटमा भिन्नता, रकमको पूर्वानुमान, प्रतिवद्धता गरेको/तिनुपर्ने बाँकी रकम आदि।
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन (२०७६) तथा विनियोजन ऐनमा व्यवस्था भएअनुरुप सशर्त अनुदानको खर्च, पेश्की र कोषको अवस्थासम्बन्धी मासिक, त्रैमासिक तथा वार्षिक विवरण कोष तथा लेखा नियन्त्रण कार्यालयलाई र त्यसको एक प्रति प्राविधिक सहायता प्रदायकमार्फत वन तथा वातावरण मन्त्रालयलाई समयमा उपलब्ध गराउनु पर्नेछ।
- त्रैमासिक रुपमा वित्तीय तथा भौतिक प्रतिवेदन एकिकृत गरी दातृ निकायबाट शोधभर्ना प्राप्त गर्ने जिम्मा वन तथा वातावरण मन्त्रालयको रहनेछ। प्राविधिक सहायता प्रदायक टोलीले सो विवरण एकिकृत गर्न आवश्यक प्राविधिक सहयोग प्रदान गर्नेछन्।

### ५.४ आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण

- कार्यक्रमसम्बन्धी आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त राखी हानी नोक्सानी हुन नदिने जिम्मा गाउँ/नगरपालिकाको हुन्छ। प्राविधिक सहायता प्रदायक र वित्त व्यवस्थापन सहयोगीको तर्फबाट आन्तरिक नियन्त्रण प्रणालीको मुल्यांकन तथा सुदृढिकरणका लागि पहल गरिने छ।
- प्रचलित कानुनबमोजिम कार्यक्रमको आन्तरिक लेखापरीक्षण गराई प्राप्त सुझावको प्रभावकारी कार्यान्वयन गर्ने जिम्मा गाउँ/नगरपालिकाको हुन्छ। आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका विषयलाई प्राविधिक सहायता प्रदायक र वित्त व्यवस्थापन सहयोगीले एकिकृत गर्ने र सोका आधारमा आन्तरिक नियन्त्रण प्रणाली सुधारमा सघाउ पुऱ्याउने कार्य गर्नेछन्।
- सबै बजेटमा आधारित कार्यक्रमको अन्तिम लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट हुन्छ।
- यस कार्यक्रमसम्बन्धी महालेखापरीक्षकको कार्यालयको लेखापरीक्षणमा देखिएका बेरुजू तथा कैफियतलाई वार्षिक रुपमा एकिकृत गर्ने, समीक्षा गर्ने तथा दातृ निकायलाई प्रतिवेदन गर्ने अभ्यास हरेक वर्ष गरिनेछ।
- प्राविधिक सहायता प्रदायक, दातृ निकाय तथा नेपाल सरकारका तर्फबाट प्राविधिक लेखापरीक्षण तथा वित्तीय मुल्यांकन आदि कार्य गर्न सकिनेछ।

## खण्ड ६: विविध

### ६.१ दिगोपना, निर्माण पछिको सञ्चालन तथा मर्मत सम्भार

गाउँ/नगरपालिकाको नियमानुसार त्रुटि सच्याउने अवधिसम्म रिटेन्सन रकम धरौटी राख्ने व्यवस्था भएमा त्यस्तो व्यवस्था कार्यक्रममा पनि लागू हुनेछ। त्रुटि सच्याउने अवधि पूरा भएपछि भुक्तानी भए/नभएको अनुगमन प्राविधिक सहायता प्रदायकले गर्नेछ।

निर्माण व्यवसायीबाट निर्माण भईराखेको संरचना प्राकृतिक प्रकोपका कारणले क्षति भएमा त्यस्तो क्षतिका लागि सार्वजनिक खरिद ऐन/नियमावली अनुरुप बीमाको व्यवस्था भएको हुनु पर्नेछ। उपभोक्ता समितिबाट निर्माण भइराखेका योजनाहरुको हकमा आधिकाररिक रुपमा क्षति विवरण तय भएपश्चात् गाउँ/नगरपालिका, प्राविधिक सहायता प्रदायक तथा उपभोक्ता समितिको छलफलबाट कसले कति क्षति व्यहोर्ने बारे निर्णय गरी लागू गरिनेछ।

परियोजनाहरुको दिर्घकालीन उपयोगिता तथा दिगोपनका लागि व्यवस्थित एवं संस्थागत मर्मत सम्भारसम्बन्धी अवधारणाको आवश्यकता रहेकाले कार्यक्रमको प्राविधिक सहायता प्रदायकले गाउँ/नगरपालिका र समुदायलाई कार्यक्रम सञ्चालन तथा मर्मतसंभार सम्बन्धी प्रभावकारी तथा उपयुक्त किसिमको कार्यविधि तथा योजना तर्जुमा गर्न सहयोग गर्नेछ। परियोजनाको लागत अनुमान तयार गर्दा आवश्यकताअनुसार उपभोक्ता समितिलाई निर्माण पछिको परियोजना सञ्चालन सम्बन्धी मर्मत संभार बीउपूँजीको व्यवस्था कार्यक्रमले गर्न सक्नेछ। त्यस्तै विस्तृत परियोजना प्रतिवेदनमा मर्मत सम्भार सम्बन्धी आवश्यक पर्ने प्रति वर्ष खर्च तथा संभावित स्रोतका बारेमा उल्लेख गरिनेछ।

कार्यक्रमले प्रत्यक्ष रुपमा उपभोक्ता समितिलाई मर्मत सम्भार कोष सञ्चालनका लागि रकम/बीउपूँजीको व्यवस्था गरेको हुँदा यस कार्यक्रमबाट गाउँ/नगरपालिका स्थित मर्मत सम्भार कोषमा भुक्तानी गरिने छैन।

### ६.२ आचारसंहिता

नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रमका लागि निर्धारित आचार संहिताका बुँदाहरु देहाय अनुसार रहेकाछन् र यो कार्यक्रम अन्तर्गतको सरकारी, गैरसरकारी संस्था र निजी क्षेत्रका संस्थाहरुमा कार्यरत कर्मचारी/प्रतिनिधिहरुले यसको पालना गर्नुपर्नेछ।

- धर्म, जातीयता, लिंग, लैंगिक, यौनिक झुकाव, वर्ग, जाति, समुदाय, राष्ट्रियता, राजनीतिक विश्वास वा आवद्धताको आधारमा वा अन्य कुनै कारणले सहकर्मी कर्मचारी, लाभग्राही तथा समुदायका सदस्य कसैप्रति पनि भेदभाव गर्न पाइदैन।
- दुरुपयोग, शोषण र हिनामिना प्रति शून्य सहनशिलता।
- सबैलाई सम्मानपूर्ण व्यवहार, कुनै पनि समयमा हिंसा, दुरुपयोग, भेदभाव वा शोषणका रुपमा हेरिने कुनै पनि कार्यमा संलग्न हुन नहुने।
- निष्ठापूर्वक काम गर्नुपर्ने तथा इमान्दारी वा भ्रष्टाचार तथा कुनै पनि किसिमको हिनामिना, पक्षपात, आफन्तवाद, वदमासी वा घुस लिनेदिने कार्य गर्न नहुने।
- पृष्ठपोषणलाई स्वीकार गर्ने तथा सुशासनको सिद्धान्त तथा सहभागितामूलक निर्णय प्रक्रियालाई प्रवर्द्धन गर्ने।
- कार्यक्रम, प्राविधिक सहायता प्रदायक, गाउँ/नगरपालिका, मन्त्रालय वा दातृ निकायको प्रतिष्ठामा आँच पुग्ने काम गर्न नहुने।
- निहित स्वार्थको द्वन्द्वलाई नकार्ने तथा द्वन्द्वको अवस्था सिर्जना हुने अवस्थामा पूर्व सूचना दिने
- सूचनाको गोपनियताको सम्मान गर्ने।

- कुनै पनि व्यक्तिगत तथा संस्थागत फाइदाका लागि अरुलाई प्रभाव पार्ने गरी कार्यक्रमको सेवा तथा लाभको दुरुपयोग गर्न नहुने ।
- समान कामका लागि समान पारिश्रमिक ।

आचारसहिंताको पालनासम्बन्धी अनुगमन तथा सोको अवस्था बारे प्रतिवेदन गर्ने जिम्मा कार्यक्रम व्यवस्थापन इकाइको हुनेछ । सो कार्यान्वयनका लागि समुदायबाट गुनासो संकलनका लागि प्राविधिक सहायता प्रदायकले उचित माध्यमको व्यवस्था गर्नेछ ।

### ६.३ स्वास्थ्य तथा सुरक्षा

उपभोक्ता समिति तथा निर्माण व्यवसायीहरुको स्वास्थ्य तथा दुर्घटना सुरक्षा सम्बन्धी निर्देश गर्न र अनुगमन गरी स्वास्थ्य तथा दुर्घटना सुरक्षाको मापदण्ड पालना गर्न गाउँ/नगरपालिकालाई प्राविधिक सहयोग प्रदायकले सुझाव दिनेछ । स्वास्थ्य तथा दुर्घटना सुरक्षा अन्तर्गत सुरक्षा सामाग्रीको प्रयोग गर्ने, जोखिमयुक्त स्थानमा काम गर्ने आचार संहिता, कामदारको वीमा आदि पर्दछन् । कार्यक्रम अन्तर्गतका परियोजनाहरुको लागत अनुमानमा नै यसका उपायका विषयमा छलफल गर्नुका साथै सूरक्षा सामाग्री तथा बीमाका लागि आवश्यक रकमको पनि व्यवस्था गरिएको छ ।

### ६.४ भ्रमण सम्बन्धी

कार्यक्रमका क्रियाकलापहरु तथा जलवायु अनुकुलन तथा उत्थानशील परियोजनाहरुको अनुगमन सम्बन्धी भ्रमणका लागि भ्रमण आदेश, भ्रमण अभिलेख, सवारीका साधन प्रयोग सम्बन्धी नीति र दैनिक भ्रमण भत्ताको दर समेतका लागि सम्बन्धित गाउँ/नगरपालिकाको भ्रमण सम्बन्धी नियम लागू हुनेछ ।

कार्यरत स्थानभन्दा बाहिर प्राविधिक सहायता प्रदायकले आयोजना गरेको कार्यशाला तथा तालिममा खर्चको नर्म्स मोट म्याकडोनाल्ड लिमिटेडको नेपाल शाखाको भ्रमण नीति अनुसार हुनेछ । त्यसैगरी वित्त व्यवस्थापन सहयोगीले आयोजना गर्ने बैठक तथा कार्यशालाहरु सम्बन्धी खर्च केमोनिक्स इन्टरनेशन नेपालको नियमानुसार हुनेछ ।

जुनसुकै अवस्था भएपनि भ्रमण सम्बन्धी आदेश सहभागीकै संस्थाबाट जारी भएको हुनु पर्नेछ । भ्रमण सम्बन्धी खर्च भुक्तानी माग गर्दा आयोजकलाई सक्कल कागजातहरु उपलब्ध गराउनु पर्नेछ ।

अनुसूची १: आ.व. २०७८/७९ मा नेपाल जलवायु परिवर्तन सहयोग कार्यक्रम२ सञ्चालन हुने गाउँ/नगरपालिकाहरु

| क्र.सं. | प्रदेश | जिल्ला | गाउँ/नगरपालिकाको नाम | बजेट रु हजारमा |
|---|---|---|---|---|
| १ | कर्णाली | दैलेख | नारायण नगरपालिका | २१९०० |
| २ | कर्णाली | दैलेख | नौमुले गाउँपालिका | १३४०० |
| ३ | कर्णाली | दैलेख | आठबीस नगरपालिका | १३००० |
| ४ | कर्णाली | डोल्पा | ठूलीभेरी नगरपालिका | ८९०० |
| ५ | कर्णाली | डोल्पा | त्रिपुरासुन्दरी नगरपालिका | १२१०० |
| ६ | कर्णाली | डोल्पा | मुड्केचुला गाउँपालिका | ७९०० |
| ७ | कर्णाली | डोल्पा | जगदुल्ला गाउँपालिका | ११४०० |
| ८ | कर्णाली | हुम्ला | खार्पुनाथ गाउँपालिका | ९७०० |
| ९ | कर्णाली | हुम्ला | सिमकोट गाउँपालिका | १०८०० |
| १० | कर्णाली | हुम्ला | सर्केगाड गाउँपालिका | ९८०० |
| ११ | कर्णाली | जाजरकोट | नलगाड नगरपालिका | १९७०० |
| १२ | कर्णाली | जाजरकोट | शिवालय गाउँपालिका | ११९०० |
| १३ | कर्णाली | जाजरकोट | बारेकोट गाउँपालिका | १४१०० |
| १४ | कर्णाली | जुम्ला | कनकासुन्दरी गाउँपालिका | १०७०० |
| १५ | कर्णाली | जुम्ला | चन्दननाथ नगरपालिका | १०३०० |
| १६ | कर्णाली | जुम्ला | पातारासी गाउँपालिका | १२७०० |
| १७ | कर्णाली | जुम्ला | सिंजा गाउँपालिका | १०००० |
| १८ | कर्णाली | कालिकोट | खाँडाचक्र नगरपालिका | १७१०० |
| १९ | कर्णाली | कालिकोट | सान्नी त्रिवेणी गाउँपालिका | १३४०० |
| २० | कर्णाली | मुगु | छायाँनाथ रारा नगरपालिका | १४३०० |
| २१ | कर्णाली | मुगु | मुगुमकार्मारोंग गाउँपालिका | १५००० |
| २२ | कर्णाली | रुकुम (पश्चिम) | बाँफिकोट गाउँपालिका | १४३०० |
| २३ | कर्णाली | रुकुम (पश्चिम) | मुसीकोट नगरपालिका | १७४०० |
| २४ | कर्णाली | सल्यान | बागचौर नगरपालिका | १०८०० |
| २५ | सुदूरपश्चिम | अछाम | कमलबजार नगरपालिका | १६४०० |
| २६ | सुदूरपश्चिम | बाजुरा | त्रिवेणी नगरपालिका | ११७०० |

## अनुसुची : २ ........उपभोक्ता समितिलाई ...... गाउँ/नगरपालिकावाट प्राप्त हुने भुक्तानीको तालिका

............नगर/गाउपालिकाले उपभोक्ता समितिको खातामा जम्मा हुने गरी अधिकतम रु.....................(अक्षेरुपी रु. ............................................ मात्र) निम्न वमोजिमको किस्ताबन्दीमा निकासा भुक्तानी गर्नेछ ।

| किस्ता | विवरण | जम्मा प्रतिशत | जम्मा रु. | कैफियत |
|---|---|---|---|---|
| प्रथम किस्ता | कार्यान्वयन सम्झौता पश्चात् उपभोक्ता समितिले कार्यस्थलमा आवश्यक तयारी ( Site Clearance) तथा स्थानीय निर्माण सामाग्री संकलन गरेपछि | *गाउँ/ नगरपालिकाको अभ्यास र परियोजनाको प्रकृतिका आधारमा निश्चित प्रतिशत तोक्ने* | | नगर/गाउँपालिका रकम : रु.................... एनसीसीएसपी२ रकम : रु................ |
| | अक्षेरुपी रु: | | | |
| दोस्रो किस्ता | दोश्रो किस्ताको भुक्तानीको लागि योजनाको भौतिक प्रगति आधा भन्दा बढी भए पछि<br><br>*उदाहरण:*<br>– *२०० मि को पक्की कुलोको सिचाई योजनामा १०० मि वा सोभन्दा बढी पक्की कुलो निर्माण पश्चात्*<br>– *खानेपानी (मुहानको कार्य, पानी टंकी निर्माण, पाइप लाइन आदि)का लागि मुहान कार्य तथा पानी टंकी निर्माण सम्पन्न भए पछि*<br>– *३०० मि नदी नियन्त्रण योजनामा १५० मि वा सोभन्दा बढी नदी नियन्त्रणका कार्य भए पश्चात्*<br>आधा काम सम्पन्न भएको नगर/गाउँपालिकाबाट प्राविधिक मूल्याङ्कन प्रतिवेदन (Running bill) प्राप्त भएपश्चात् र सोमा एनसीसीएसपी२ का तर्फबाट आवश्यक समीक्षा (review) पछि मात्र दोस्रो किस्ता भुक्तानी दिइनेछ । | समग्रमा ७०% नबढ्ने गरी *(प्रथम किस्ता र दोस्रो किस्ता जोड्दा ७० % ननाघ्ने गरी)* | | नगर/गाउँपालिका रकम: रु.................... एनसीसीएसपी२ रकम : रु................ |
| | अक्षेरुपी रु: | | | |
| अन्तिम किस्ता | डिजाईन, ड्इङ्ग तथा ईष्टिमेट अनुसार आयोजनाको सम्पूर्ण कार्यहरु सम्पन्न भई सोको प्रतिवेदन नगर/गाउँपालिकाबाट तयार गरी एनसीसीएसपी२ का तर्फबाट आवश्यक समीक्षा (review) पछि मात्र अन्तिम किस्ता भुक्तानी दिइनेछ ।<br><br>*(उपभोक्ता समितिका हकमा वास्तविक खर्च कम भएमा सोको आधारमा भुक्तानी दिइनेछ । )* | अधिकतम ३०% | | नगर/गाउँपालिका रकम : रु.................... एनसीसीएसपी२ रकम : रु................ |
| | अक्षेरुपी रु. | | | |
| | जम्मा | **100%** | | |

***नोटः*** *कृषि तथा अन्य जीविकोपार्जन संग सम्बन्धित परियोजनाहरुको हकमा तीन को सट्टा दुई किस्तामा सम्झौतामा स्पष्ट व्यवस्था गरी भुक्तानी दिन सकिनेछ ।*